

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक २२० • २०८२ साल पुस २४ गते विहीबार (8 January, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मन्त्री कुलमानद्वारा राजीनामा



**टुडे समाचारदाता**

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार र सहरी विकास गरी तीन मन्त्रालयको जिम्मेवारी सम्हालेका मन्त्री कुलमान घिसिङले राजीनामा दिएका छन् ।

काठमाण्डुमा बुधबार र ाति पत्रकार सम्मेलन गरेर मन्त्री कुलमान घिसिङले राजीनामा दिएका हुन् ।

गत पुस १४ गते राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र उज्यालो नेपाल पार्टीका संरक्षक कुलमान घिसिङबीच सात बुँदे सहमति भएको थियो ।

उनीहरूबीच आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा सँगै जाने सहमति भएको थियो । घिसिङ रास्वपाको दोस्रो वरीयताको उपसभापति छन् ।

घिसिङको उपस्थितिले सर कार एउटा दलको भएको सन्देश गएको भन्दै प्रधानमन्त्री सुशीला कार्कीले पनि सरकार छाड्न निर्देशन नै दिएकी थिइन् ।

तर घिसिङले पुस २२ गते एक कार्यक्रममा आफू कुनै पनि पार्टीको सदस्य नभएको दाबीसमेत गरेका थिए ।

उनले राजीनामा दिएसंगै मन्त्री बब्लु गुप्ता, मन्त्री जगदीश खरेलमाथि पनि दबाब परेको छ ।

### राष्ट्रिय सभाको १८ स्थानका लागि ४४ उम्मेदवारी

# मधेश प्रदेशमा ११ जना उम्मेदवार, बार्गेनिंगमा जसपा नेपाल

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय सभाको निर्वाचनका लागि बुधबार सात वटै प्रदेशबाट ४४ जनाले उम्मेदवारी दर्ता गराएका छन् ।

सातै प्रदेशमा शान्तिपूर्ण रुपमा उम्मेदवारी दर्ता भएको निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जनाएका छन् । सात वटै प्रदेशबाट विभिन्न दलका गरी ४४ जनाले उम्मेदवारी दर्ता गराएको उनले बताए ।

कोशी प्रदेशबाट ५, मधेश प्रदेशबाट ११, बागमती प्रदेशबाट ६ र गण्डकी प्रदेशबाट ६ जनाले उम्मेदवारी दिएका छन् । त्यसैगरी, लुम्बिनी प्रदेशबाट ८, कर्णाली प्रदेशबाट ४ र सुदूरपश्चिम प्रदेशबाट ४ जनाले उम्मेदवारी दिएको निर्वाचन आयोगले जनाएको छ ।

आयोगले यही पुस २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने समय तोकेको छ । त्यसपछि पुस २५ र २६ गते मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गर्नेछ । त्यही दिन उम्मेदवारको नामावली प्रकाशित गर्ने कार्यतालिका छ ।

त्यसपछि पुस २७ गते उम्मेदवारी फिर्ता लिनका लागि समय तोकिएको छ । पुस २७ गतेको साँझ उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिने छ भने पुस २८ गते चुनाव चिह्न प्रदान गरिने आयोगले जनाएको छ । त्यसपछि माघ ११ गते मतदान हुनेछ । राष्ट्रियसभा निर्वाचनका लागि मधेश प्रदेशबाट ११ जनाले उम्मेदवारी दिएका छन् ।

मधेश प्रदेशमा ४ सिटका लागि कांग्रेस-एमाले गठबन्धन, नेपाली कम्युनिष्ट पार्टी (नेकपा), लोसपा नेपाल- जसपा नेपालबाट ११ जनाले बुधबार उम्मेदवारी दर्ता गराएका छन् ।

लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले अन्यतर्फ उम्मेदवारी दर्ता गराएका छन् । अध्यक्ष ठाकुरको उम्मेदवारीमा लोसपा नेपालका मधेश प्रदेशसभा सदस्य जयनुल राइन प्रस्तावक र मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्रीसमेत रहेकी सांसद



रानी कुमारी तिवारी समर्थक रहेकी छन् । ठाकुरको उम्मेदवारीमा जसपा नेपालले पनि समर्थन जनाएको छ ।

मधेश प्रदेशमा लोसपा नेपाल र जसपा नेपालले राष्ट्रियसभा निर्वाचनका लागि छुट्टाछुट्टै उम्मेदवारी दर्ता गराएपछि नेपाली कांग्रेस, नेकपा एमाले र एकता प्रक्रियामा रहेको लोसपा र जसपाभित्र पनि विभिन्न खाले आशंका गर्न थालिएको छ ।

मधेश प्रदेशमा कांग्रेस, एमाले र जसपा नेपालको समर्थनमा लोसपाका अध्यक्ष महन्थ ठाकुरले उम्मेदवारी दर्ता गराएका छन् । तर जसपा नेपालले भने बाँकी तीन सीटमा छुट्टै उम्मेदवारी दर्ता गराएपछि कांग्रेस-एमालेसहितका गठबन्धनभित्र पनि आशंका उत्पन्न हुन थालेको छ ।

लोसपा नेपालका तर्फबाट ठाकुरले अन्य क्लस्टरमा उम्मेदवारी दर्ता गराउँदा जसपा नेपालले भने सो बाहेक तीन वटा क्लस्टरमा छुट्टै उम्मेदवारी दर्ता गराएको छ ।

जसपा नेपालका नेता जितेन्द्र प्रसाद यादवले कांग्रेस र एमालेसंग गठबन्धनको लागि मधेशमा २ सीट मागे पनि नदिएपछि बाँकी सिटमा छुट्टै उम्मेदवारी दिएको जानकारी दिए ।

लोसपाका एकजना नेताले जनाए अनुसार अध्यक्ष ठाकुरको प्रस्तावक र समर्थकमा लोसपाबाट हुनु गम्भीर संशय रहेको बताए । ठाकुरको समर्थक वा प्रस्तावकमध्ये कुनैमा पनि जसपा नेपालबाट हस्ताक्षर नहुनु दुःखद रहेको उनको कथन थियो ।

स्रोतका अनुसार जसपा र लोसपाबीचको एकतालाई ठाकुरले नै भाँडेको बुझाईमा रहेका जसपा नेपालका नेताहरुले ठाकुरसित बार्गेनिंगका लागि तीनवटा सिटमा उम्मेदवारी दिएको छ । पुस १३ गते लोसपा र जसपा नेपालबीच एकीकरण गर्ने घोषणा भए पनि त्यसको अर्कोदिन प्रतिनिधिसभाको चुनावका लागि दुवै पार्टीले निर्वाचन आयोगमा छुट्टाछुट्टै समानुपातिक उम्मेदवारको बन्दसूची पेश गरेका थिए ।

मधेश प्रदेशमा जसपा नेपालबाट राष्ट्रियसभा सदस्यका लागि तीन जनाको उम्मेदवारी पनि दर्ता भएको छ ।

जसपा नेपालबाट अल्पसंख्यकतर्फ शैलेश चौधरी, महिलातर्फ चन्दा साह र दलिततर्फ चमेली देवी दासले उम्मेदवारी दिएकी छन् । जसपा नेपालबाट उम्मेदवारी दिनेमा चौधरी सप्तरीका हुन् भने साह सिरहा र दास धनुषाकी छन् ।

नेपाली कम्युनिस्ट पार्टी(नेकपा) बाट दलित कोटामा शम्भु पासवान, अल्पसंख्यकतर्फको कोटामा रामनन्दन प्रसाद, अन्यबाट लक्ष्मण पौडेल र मधेशी कोटाबाट समी कुमारी अग्रवालले उम्मेदवारी दर्ता गराएकी छन् ।

त्यसैगरी कांग्रेस-एमाले गठबन्धनबाट दलित कोटामा कांग्रेसका अमरेन्द्र पासवान, अल्पसंख्यक कोटामा रञ्जित कर्ण र महिला कोटामा एमालेकी रेखा झाले उम्मेदवारी दर्ता गराएकी छन् । गठबन्धनबाट कांग्रेसले २ र एमालेले एक सिटमा उम्मेदवारी दर्ता गराए पनि जसपा नेपालले भने तीन वटै पदमा उम्मेदवारी दर्ता गराएको छ ।

मधेश प्रदेशमा मतदाताहरु मध्ये १ सय ७ जना प्रदेश सभा सदस्य मध्ये १ सय ४ जनाले मतदान गर्ने छन् ।३ जना निलम्बनमा रहेका छन् ।प्रति प्रदेश सभासदस्यको मतभार ५३ रहेको छ । २ सय ६६ जना पालिका प्रमुख र उपप्रमुख रहेका छन् । मतभार प्रति पदाधिकारी १९ रहेको छ ।

# नियमित / विशेष महाधिवेशनको अन्योलमा कांग्रेस

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस नियमित र विशेष महाधिवेशनका मुद्दाको कारण नेता तथा कार्यकर्ताहरुमा अन्योल उत्पन्न भएको छ । पुस १८ मा बसेको पार्टीको केन्द्रीय कार्यासम्पादन समितिले आगामी वैशाख २८-३१ का लागि १५ औं महाधिवेशनको संशोधित कार्यतालिका सार्वजनिक गरिएको छ ।

विशेष महाधिवेशनको औचित्य समाप्त भएको निर्णयसहित मातहतका समितिलाई नियमित महाधिवेशनको कार्यतालिका बमोजिम काम गर्न पार्टीले निर्देशन दिएको छ । सात प्रदेश सभापतिमध्ये पाँच जनाले पार्टीको निर्णय कार्यान्वयन गर्न सोमबार नै संयुक्त विज्ञप्ति जारी गरेका थिए ।

तर महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा भने यही पुस २७ र २८ मा विशेष महाधिवेशनको गर्ने तयारीमा छन् ।

विशेष महाधिवेशन पक्षधरले महाधिवेशनका लागि आवश्यक १८ वटा समितिसमेत गठन गरेका छन् । पुस २७ र २८ गतेका लागि भृकुटीमण्डपमा हल बुकिङ भइसकेको छ भने काठमाण्डुस्थित जिल्ला प्रशासन कार्यालयबाट सुरक्षाको माग पनि गरिएको छ। महामन्त्रीद्वय थापा र शर्माले विशेष महाधिवेशनमा पेस गर्ने राजनीतिक दस्ताबेज तयार भइस्केको उनी निकटका नेताहरू बताउन थालेका छन् । विशेष महाधिवेशनको कार्यदेश र कार्यदिशा भने अहिलेसम्म प्रस्ट भने भइसकेको छैन ।

विशेष महाधिवेशनलाई 'संकल्प सम्मेलन'मा रुपान्तरण गरेर पार्टी विभाजन रोक्नुपर्ने महामन्त्री शर्माले प्रस्ताव गरेका छन् । महामन्त्री थापाले विधान कार्यान्वयन गर्दा पार्टी विभाजन नहुने भन्दै विशेष महाधिवेशनको कार्यादेश हलबाटै तय हुने बताए । असोज २९ गते पार्टी कार्यालय सानेपामा बुझाइएको प्रस्तावमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर गरेको उनीहरूले दाबी गरेका छन् ।

महामन्त्री थापा र शर्माको पक्षमा केन्द्रीय समितिमा सहमहामन्त्री फर्मुला मन्सुर, केन्द्रीय सदस्य अर्जुननरसिंह केसी, उमा रेग्मी, मधु आचार्य, प्रकाश स्नेही रसाइली, प्रतिमा गौतम, अजयबाबु सिवाकोटीलगायत छन् । महामन्त्रीको पक्षमा सात प्रदेश कार्यसमितिका २५ जना पदाधिकारी र ७७ जिल्लामध्ये २९ सभापति खुलेका छन् । अन्य ४८ जिल्लाका



पार्टी सभापति भने सभापति देउवा र नेता शेखर कोइरालाको पक्षमा छन् ।

पार्टीका भ्रातृ संगठनहरू नेविसंघ, महिला संघ, तरुण दल लगायतको नेतृत्व संस्थापन पक्षमै रहे पनि भूतपूर्व सैनिक संघ, अपांग संघ, होटल व्यवसायी संघ, चिकित्सक संघ, नेपाल आदिवासी जनजाति महासंघ, मुस्लिम संघलगायतका नेतृत्व महामन्त्रीको पक्षमा छन् ।

कोसी प्रदेशमा महामन्त्रीद्वय थापा र शर्माको उपस्थिति राम्रो देखिन्छन्। कोसी प्रदेशका कार्यसमितिका उपसभापति टंक राई, महामन्त्री उमेश थापा, सहमहामन्त्री खड्क खापुङ र प्रवक्ता यदु विष्ट विशेष महाधिवेशनको पक्षमा उभिएका छन्।

नेता कृष्णप्रसाद सिटौलानिकट प्रदेश सभापति उद्धव थापा र अन्य पदाधिकारी विशेष महाधिवेशनको विपक्षमा छन् ।

कोशी प्रदेशका १४ जिल्लामध्ये पाँच जिल्लाका सभापति महामन्त्रीद्वयको पक्षमा छन् । जसमा धनकुटाका सभापति दिनेश राई, उदयपुरका सभापति हिमाल कार्की, सुनसरीका सभापति केदार भण्डारी, भोजपुरका सभापति विनोद बान्तवा र तेह्रथुमका सभापति अर्जुन तुम्बाहाम्फे विशेष महाधिवेशनको पक्षमा छन् ।

त्यस्तै मधेश प्रदेशको पार्टीका महामन्त्रीद्वय थापा र शर्माको प्रदेश कार्यसमितिमा उपस्थिति बलियो रहेको छ । महामन्त्रीद्वय थापा र शर्माको पक्षमा मधेश प्रदेश कार्यसमितिबाट उपसभापति वीरेन्द्र सिंह, उपसभापति चन्द्रशेखर यादव, महामन्त्री उपेन्द्र यादव, कोषाध्यक्ष प्रदीप यादव विशेष महाधिवेशनको पक्षमा छन् भने मधेश प्रदेश सभापति कृष्णप्रसाद यादवसहितका पदाधिकारी भने देउवा पक्षमा छन् ।

मधेश प्रदेशमा आठ जिल्लामध्ये सप्तरी र सर्लाहीका दुई जिल्ला सभापति विशेष महाधिवेशन पक्षमा छन् भने सप्तरीका सभापति रामदेव साह पनि विशेष महाधिवेशनको पक्षमा छन् ।

त्यस्तै सर्लाहीका सभापति सुरेन्द्र सिंह महामन्त्री थापाको पक्षमा खुलेर लागे पनि भ्रष्टाचार मुद्दामा दोषी ठहर भएपछि उनले राजीनामा दिएका छन् । पार्टी केन्द्रीय सदस्य महेन्द्रकुमार राय, नेताहरू सुरेन्द्र चौधरी, आफताब आलमका छोराहरू, निर्वतमान सांसद देवी तिमिल्सिना, बजरंग नेपाली र विनोद यादव, बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लाद क्षेत्री, रामसुन्दर चौधरी, पार्टीका पूर्वकोषाध्यक्ष सीतादेवी यादवका छोरा डा. सुभाष यादव लगायत महामन्त्रीद्वय थापा र शर्माको पक्षमा छन् ।

त्यस्तै धनुषाका सभापति योगेन्द्र पँजियार, महोत्तरी सभापति नागेश्वर यादव, सिरहा सभापति रामचन्द्र यादव, रौतहट सभापति जितेन्द्र यादव, बारा सभापति राजेश यादव र पर्सा सभापति जनार्दन क्षेत्री सभापति देउवासंगै छन् ।

मधेश प्रदेशमा ५५ प्रतिशत महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनको पक्षमा खुलिसकेको कांग्रेस मधेश प्रदेशका उपसभापति सिंहले दाबी गरे । ८ सय महाधिवेशन प्रतिनिधिमध्ये ४४० जनाले विशेष महाधिवेशनमा हस्ताक्षर गरेको उनको भनाइ छ । १४ औं महाधिवेशनमा मधेश प्रदेशका ६० प्रतिशत महाधिवेशन प्रतिनिधि सभापति देउवाको पक्षमा थिए ।

बागमती प्रदेशमा महामन्त्रीद्वय थापा र शर्मा पक्ष बलियो रहेका छन् । गण्डकी प्रदेशका नेता तथा कार्यकर्ताहरु भने अहिलेसम्म अन्योलमै छन् । लुम्बिनी प्रदेशमा विशेष महाधिवेशन पक्ष बलिया छन् । कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने विशेष महाधिवेशन पक्षधर कमजोर रहेका छन् । सुदूरपश्चि प्रदेशबाट विशेष महाधिवेशनको पक्षमा करिब ३५ प्रतिशत महाधिवेशन प्रतिनिधि उभिएको नेता पुष्पराज शर्माले बताए ।



## आइक्यानको 'गेन' परियोजना सार्वजनिकः
# पाँच वर्षमा ५० हजार रोजगारी सृजनाको लक्ष्य



काठमाण्डु । नेपाली लेखा तथा लेखापरीक्षण सेवालाई अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धी रूपमा स्थापित गर्दै सेवा निर्यातमार्फतरोजगारीरआयआर्जन बढाउने लक्ष्यसहित नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान) ले 'ग्लोबल अकाउन्टिङ इनिसियटिभ इन नेपाल' (गेन) परियोजना सार्वजनिक गरेको छ।

राजधानीमा बुधबार आयोजित एक कार्यक्रममार्फत परियोजनाको औपचारिक सुरुआत गरिएको हो। आइक्यानका अनुसार परियोजनाको मूल उद्देश्य नेपालको लेखा तथा वित्तीय सेवालाई केन्द्रमा राखेर विश्वसनीय आउटसोर्सिङ गन्तव्यको रूपमा ब्रान्डिङ गर्नु, रणनीतिक साझेदारी विकास गर्नु र दिगो रोजगारी सिर्जना गर्नु रहेको छ। गेन परियोजनाले पाँच वर्षभित्र वार्षिक ५० हजारभन्दा बढी तथा आगामी दश वर्षमा एक लाख ५० हजारभन्दा बढी रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ। यसै अवधिमा सेवा निर्यातमार्फत बर्सेनि करिब रु ८० अर्ब बराबरको आय देशमा भित्र्याउने योजनासमेत छ।

परियोजनाअन्तर्गत अकाउन्टिङआउटसोर्सिङका लागि आवश्यक नियामक तथा संस्थागत संरचना विकास, सुरक्षित डिजिटल पूर्वाधार निर्माण, विश्वस्तरका मापदण्डमा जनशक्ति प्रशिक्षण र गुणस्तरीय सेवा विस्तारलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ । साथै, आउटसोर्सिङ हब, डिजिटल प्लेटफर्म र इनक्युबेशन सेन्टर स्थापना गरी नवप्रवर्तन र उद्यमशीलतालाई प्रोत्साहन गरिनेछ।

आइक्यानका अध्यक्ष नीलबहादुर सारु मगरले गेन परियोजनालाई आगामी आर्थिक वर्षदेखि नियमित कार्यक्रमका रूपमा अघि बढाइने जानकारी दिनुभयो। उहाँका अनुसार विश्व बजारमा भारत, बङ्गलादेश, भियतनाम र फिलिपिन्सजस्ता मुलुकले देखाएको प्रभावकारी उपस्थिति हेर्दा नेपालले पनि प्रतिस्पर्धा गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ । "नेपालमै बसेर विश्वका विभिन्न देशका संस्थालाई लेखा सेवा दिन सकिने वातावरण बनाउनुपर्छ", उहाँले भन्नुभयो, "नेपाललाई दक्षिण एसियाको आउटसोर्सिङ हबका रूपमा स्थापित गर्ने उद्देश्यका लागि सीप विकास र नीतिगत स्पष्टता अपरिहार्य छ।"

कार्यक्रममा आइक्यानका नायब निर्देशक सन्तोष विष्टले संस्थाले हाल २०८१-२०८५ का लागि तयार गरिएको पाँचवर्षे रणनीति कार्यान्वयनमा रहेको बताउँदै ठूला अर्थतन्त्र भएका मुलुकलाई नेपालले किफायती र गुणस्तरीय अकाउन्टिङ सेवा दिन सक्ने सम्भावना बलियो रहेको उल्लेख गर्नुभयो।

परियोजनाले बेलायत, अष्ट्रेलिया, अमेरिका, युरोपेली सङ्घलगायत सम्भावित बजार लक्षित डिजिटल प्रचारप्रसार गर्ने, उच्च गुणस्तरका प्रचार सामग्री उत्पादन गर्ने र विदेशमा रहेका नेपाली समुदायसँग सहकार्यमार्फत अवसर विस्तार गर्ने योजना बनाएको छ । साथै, विश्वस्तरमा प्रयोग हुने लेखा सफ्टवेयर र आउटसोर्सिङसम्बन्धी विशेष प्रमाणपत्र कार्यक्रम सञ्चालन, राष्ट्रिय प्रतिभा दर्ता प्रणाली निर्माण तथा आउटसोर्सिङका पाठ्यक्रम विकासालाई अघि सारिएको छ।

कर छुट, मूल्य अभिवृद्धि करसम्बन्धी स्पष्टता, वैदेशिक विनिमय प्रक्रिया सरलीकरण, डेटा संरक्षण कानुन सुदृढीकरण, नेपाली कम्पनीलाई विदेशमा शाखा सञ्चालनको सुविधा र वैदेशिक लगानी शीघ्र स्वीकृत गर्नेलगायत नीतिगत सुधारले परियोजना सफल हुने अपेक्षा आइक्यानले गरेको छ।

साथै आइक्यानले परियोजना कार्यान्वयनपछि नेपाली अडिट फर्म र यस पेसामा लागेका व्यक्तिबाट अन्तरराष्ट्रिय बजारमा आफ्नो उपस्थिति बढाउँदै सेवा निर्यातमार्फत मुलुकको अर्थतन्त्र सुदृढीकरणमा योगदान पुग्ने विश्वास गरेको छ ।रासस

# जन्मदर्ता नहुँदाको पीडा भोग्दै १७ वर्षीय विवेक



बरहथवा । जिल्लाको हरिवन नगरपालिका-१ लिचीटोल निवासी विवेक परियार १७ वर्ष लाग्नुभयो। लाउलाउँ खाउखाउँ उमेरका उहाँ अहिले आफूसहित चार परिवारका एक्ला नाबालक अभिभावक हुनुहुन्छ। बिहान सबेरैदेखि राति अबेरसम्म ज्याला मजदुरी गरेर परिवारको भरणपोषण गर्नु उहाँको दैनिकी बनेको छ । पचहत्तर वर्षकी जिजुहजुरआमा अतिरुपा, ६० वर्षकी हजुरआमा फूलमाया र १५ वर्षकी बहिनी बिविकाको जिम्मेवारी एक्ला नाबालक विवेकको काँधमा आइपरेको छ।

चार वर्षको उमेरमै आमाले छाडेर गएपछि विवेकका दाजु बहिनी टुहुरो बन्नुपर्यो । मामाघरतर्फको हजुरआमाको शरणमा हुर्किएका विवेकले कक्षा ३ सम्म गाउँ नजिकैको आधार भूत विद्यालयमा अध्ययन गर्नुभयो । तर भर्ना गर्न जन्मदर्ता नभएपछि पढाइ छाड्नुपरयो । चुरेको काखमा लगभग १० धुर ऐलानी जग्गा चर्चेर विवेकको परिवार बसिरहेका छन्। टाउको लुकाउन बनाएको टिनको सानो छाप्रोबाहेक सम्पत्तिका नाममा केही पनि छैन।

बाल्यकाल निकै सङ्घर्षमा बिताउनुभएका विवेकले गाउँमै साहुको ट्र्याक्टरमा बालुवा लोड गर्ने कामबाट मजदुरी सुरु गर्नुभयो । अहिले उहाँ एउटा कुशल ट्र्याक्टर चालक बनिसक्नुभएको छ । तर, आफू जन्मेहुर्केको देशमा अनागरिक बन्नुपर्दा सीपसमेत बेकार बनेको छ। "निकै दुःख गरेर एउटा सीप सिकेको थिएँ, लाइसेन्स बनाउन पाए यसैको सहाराले परिवारको भरणपोषण गर्ने थिएँ । कागजात नहुँदा ट्र्याक्टर चलाएर परिवार पाल्ने सपना पनि अधुरो हुने भयो", उहाँले सुनाउनु भयो।

"विवेकको आमाले सानैमा छाडेर गइन्", विवेकका जिजूहजुरआमा अतिरुपाले भन्नुभयो, "बुबाको पनि अत्तोपत्तो छैन। केही समय पहिला ज्वाइँ आइपुग्नुभएको थियो । सोधीखोजी गरेका थियौँ । उहाँकै केही कागजात बनेको रहेनछ । त्यसपछि फेरि त्यसै हराउनुभयो ।" विवेकका हजुरबुबाको पनि कुनै कागजात फेला नपरेको अतिरुपाको भनाइ छ। कागजात भएका घरतर्फका आफन्त कोही फेला नपरेका कारण दुई पनाति पनातिनीको भविष्य नै अन्धकार बनेको उहाँले दुखेसो पोख्नुभयो।

विवेककी हजुरआमा बोल्न सक्नुहुन्न । जन्मजातै फरक क्षमताकी हुनुहुन्छ । जिजूहजुरआमा पनि वृद्ध भइसक्नुभयो । बहिनीको भविष्यको चिन्ताले विवेकलाई सताइरहन्छ । ज्याला मजदुरी गरेरै भए पनि बहिनीलाई ठूलो मान्छे बनाउने उहाँको सपना छ । तर, परिस्थितिले देशको नागरिकसम्म बन्ने हैसियत दिएन- दुई दाजुबहिनीलाई । एकपटक जन्मदर्ताका लागि स्थानीयवासीको सल्लाहमा दाजुबहिनी वडा कार्यालयसम्म पुग्नुभए पनि कुनै प्रमाण नभएको भन्दै त्यसै फर्कनुपरेको उहाँहरूको गुनासो छ।

विवेकले जेनतेन बहिनी बिविकालाई हरिवन नगरपालिका-१ पटौनामा रहेको पटौना आधारभूत विद्यालयमा पढाउनुभएको छ । कक्षा ७ मा पढ्ने बिविकालाई अर्को वर्ष कक्षा ८ मा अनिवार्य भर्ना गर्नुपर्छ भन्दै विद्यालयले जन्मदर्ता मागेको छ। तर, कसरी जन्मदर्ता बन्छ भन्ने केही थाहा छैन, उहाँले सुनाउनुभयो । बहिनीले पनि आफूले जस्तै पढाइ छाड्नुपर्ने हो कि भन्ने उहाँलाई चिन्ता छ। आफू र बहिनीको जन्मदर्तामात्र बने पनि अलपत्र बन्नु पर्दैन थियो भन्ने उहाँलाई लागेको छ । आफ्नो र बहिनीको जन्मदर्ताका लागि पहल गरिदिन उहाँले आग्रहसमेत गर्नुभयो।

अर्कातर्फ विवेकको परिवारले प्रयोग गरिरहेको सानो बाँससमेत जीर्ण बनेर ढलेपछि अहिले परिवारलाई थप समस्या भएको छ । जसले गर्दा अहिले टाउको लुकाउने ठाउँसमेत नभएको उहाँले सुनाउनुभयो। छिमेकीकोमा शरण लिएर बस्नुपरेको भन्दै विवेकले पुरानो घर भएको ठाउँमा ऋणधन गरेर भए पनि एउटा घर बनाउने सपना रहेको बताउनुभयो। तर, काम गरेर तिर्छु भन्नलाई समेत कुनै कागजात नहुँदा ऋण पाउने आशा नरहेको उहाँको दुखेसो थियो।

निकै इमानदार र मेहेनती विवेकको परिवारले उनैको भरथेगमा गुजारा गरिरहेको स्थानीय सुवास श्रेष्ठले बताउनुभयो । पढाइलेखाइ गर्न नपाएका विवेकले ट्र्याक्टर चलाउन सिकेर जीविका चलाउने आधार बनाए पनि पूरा गर्न नसकेको उहाँको भनाइ थियो । विद्यमान कानुनी व्यवस्थाका कारण उनको जन्मदर्ता बन्न नसक्दा उनीसहित उनको भावी पिँढीले समेत अनागरिकको जीवन बाँच्नुपर्ने अवस्था देखिएको भन्दै दुःख व्यक्त गर्नुभयो।

विवेकको समस्याका विषयमा वडाका तर्फबाट हुनेसम्म गर्न आफू तयार रहेको वडाध्यक्ष टमबहादुर घिसिङले बताउनुभयो । नाबालक र नाबालिकाको जन्मदर्ताका विषयमा आफूले वडासचिवसँग नियमित कुराकानी गरेर कानुनी प्रक्रियाअनुसार निकासका लागि पहल गरिरहेको उहाँले बताउनुभयो । "कानुनले दिएको दायरमा रहेर उहाँहरूको कागजात बनाउने कुरामा पहल गरिरहेको छु", वडाध्यक्ष घिसिङले भन्नुभयो ।रासस

## कांग्रेस महामन्त्रीद्वय थापा र शर्माद्वारा विशेष महाधिवेशन आह्वान

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले विशेष केन्द्रीय महाधिवेशन आव्हान गर्नुभएको छ।

उहाँहरुले बुधबार संयुक्त विज्ञप्तिमार्फत कांग्रेसको विधानअनुसारको व्यवस्था उल्लेख गर्दै ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरुले दर्ता गराई यही पुस २७ र २८ गते तय भएको विशेष महाधिवेशन कानुनी र राजनीतिक रुपमा अपरिहार्य र बाध्यकारी बनेको उल्लेख गर्नुभएको छ।

यस परिस्थितिमा पार्टी विधानको धारा १७ उपधारा (२) बमोजिम विशेष महाधिवेशन आह्वान गर्न दुई हजार ४८८ जना (५४.५८ प्रतिशत) महाधिवेशन प्रतिनिधिहरूले विशेष कारणसहित निवेदन दर्ता गरेको अवस्थामा त्यसको तीन महिनाभित्र विशेष महाधिवेशन सम्पन्न गर्नु केन्द्रको कार्यसम्पादन र जिम्मेवारीको विषय भएको विज्ञप्तिमा उल्लेख छ ।

केन्द्रीय कार्यसमितिले नै विशेष महाधिवेशन बोलाउनु उपयुक्त हुन्छ भनेर आफूहरुले अधिकतम प्रयास गरेको तर केन्द्रीय कार्यसमितिबाट त्यो सम्भव हुन



नसकेको उहाँहरुको भनाइ छ। "बहुमत महाधिवेशन प्रतिनिधिहरुद्वारा गरिएको विशेष महाधिवेशनको मागप्रति हाम्रो ऐक्यबद्धता रहेको छ। पुस २८ गतेभित्र विशेष महाधिवेशन गर्नका लागि हस्ताक्षरकर्ता महाधिवेशन प्रतिनिधिकोतर्फबाट भएको प्रयास महाधिवेशन प्रतिनिधिको वैधानिक अधिकार हो", विज्ञप्तिमा भनिएको छ।

महामन्त्रीद्वय थापा र शर्माले विधानको धारा ३(१२) तथा धारा २७ (१) समेतको व्यवस्थालाई आत्मसात् गर्दै कांग्रेसको विधानको धारा १७ (२) अनुसार यही पुस २७ र २८ गते काठमाडौंको भृकुटीमण्डपमा हुन गइरहेको विशेष महाधिवेशनमा सहभागी भई व्यवस्थित र भव्य रूपमा सम्पन्न गर्न सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूलाई आह्वान गर्नुभएको छ।

साथै उहाँहरुले विशेष महाधिवेशन 'बदलिएको समयको कांग्रेसका लागि, बदल्नुपर्ने देशका लागि' हो । रासस

## गाँजा खेती नष्ट



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले बर्दिवास नगरपालिका-५ स्थित माथिल्लो बरडाँडा क्षेत्रमा लगाइएको करिब ४ बिघा क्षेत्रफलको गाँजाखेती नष्ट गरेको छ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी शैलेन्द्रकुमार भट्टको नेतृत्वमा लागुऔषध नियन्त्रण ब्युरो बर्दिवाससहित ४६ जना प्रहरी परिचालित भई गाँजाका बोट फँडानी गरिएको हो।

प्रहरीका अनुसार बर्दिवास क्षेत्रमा यसअघि पनि पटक-पटक गाँजाखेती नष्ट गर्ने अभियान सञ्चालन हुँदै आएको छ। नेपालमा प्रतिबन्धित भए पनि भारतसहितका क्षेत्रमा उच्च माग र राम्रो मूल्यका कारण गाँजाखेतीप्रति आकर्षण बढ्दै गएको स्थानीयको भनाइ छ। प्रहरीले अवैध लागुऔषध खेती र कारोबारविरुद्ध निगरानी थप कडा बनाइएको जनाएको छ।

# भुस्याहा कुकुरको आतंक



**टुडे समाचारदाता**

गौर । रौतहटको पूर्विभेग गढीमाई नगरपालिकामा भुस्याहा कुकुरको आतंक बढेको छ। बुधवार एक्कासि आक्रमण गरी ५० जना मानिसलाई टोकेर घाइते भएका छन्।

घाइतेमध्ये २७ जनालाई प्रादेशिक अस्पताल गौरमा रेबिजविरुद्धको खोप दिइएको छ भने पाँच जनालाई थप उपचारका लागि वीरगञ्ज रेफर गरिएको अस्पतालले जनाएको छ । प्रादेशिक अस्पताल गौरका सूचना अधिकारी कपिलदेव झाका अनुसार कुकुरको टोकाइबाट घाइते ३२ जना उपचारका लागि अस्पताल पुगेका थिए।

तीमध्ये २७ जनालाई रेबिजविरुद्धको इन्जेक्सन दिइएको र गम्भीर अवस्थामा रहेका पाँच जनालाई वीरगञ्ज पठाइएको हो। बाँकी घाइतेहरू उपचारका लागि भोलि अस्पताल आउने बुझिएको उनले बताएका छन्।

बुधवार बिहान गढीमाई नगरपालिका-१, ४, ६ र ८ नम्बर वडामा बसोबास गर्ने सर्वसाधारणमाथि भुस्याहा कुकुरले आक्रमण गरेको थियो । आक्रमणमा विशेषगरी बालबालिका, महिला तथा वृद्धवृद्धा बढी घाइते भएको गढीमाईका मेयर श्यामबाबु यादवले बताएका छन्। आफन्तको घर आएका फतुवा विजयपुर तथा राजपुर नगरपालिकाका केही मानिसलाई समेत कुकुरले टोकेर घाइते भएको मेयर यादवले जानकारी दिएका छन्।

प्रादेशिक अस्पताल गौरमा उपचाररत सबै घाइतेको स्वास्थ्य अवस्थामाथि निरन्तर निगरानी भइरहेको डाक्टरले बताएका छन्। आवश्यक औषधि, रेबिजविरुद्धको खोप तथा चिकित्सकीय सेवा पर्याप्त रूपमा उपलब्ध गराइएको अस्पतालका सूचना अधिकारी झाले जानकारी दिएका छन्।

गाउँमा कुकुरको आक्रमण बढेपछि स्थानीयवासीमा त्रास फैलिएको छ। बिहान-बेलुका आवतजावत गर्न कठिनाइ भएको, बालबालिकालाई विद्यालय पठाउन र वृद्धवृद्धालाई घरबाहिर निस्कन डर लाग्ने अवस्था सिर्जना भएको स्थानीयको गुनासो छ।

स्थानीय बासिन्दाले खुला रूपमा छाडिएका तथा आक्रामक कुकुरका कारण समस्या बढेको भन्दै तत्काल नियन्त्रणका लागि स्थानीय तह, प्रशासन र सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।

# गुप्तालाई निर्वाचन संयोजनको जिम्मेवारी



**टुडे समाचारदाता**

गौर । नेकपा एमाले केन्द्रीय सचिवालयको दोस्रो बैठकले केन्द्रीय सदस्य अजय गुप्तालाई रौतहट निर्वाचन संयोजन (इन्चार्ज) को जिम्मेवारी दिएको छ।

पार्टी संगठनलाई थप सुदृढ बनाउँदै आगामी निर्वाचनलाई लक्षित गरी रणनीतिक जिम्मेवारी दिइएको बताइएको छ । गुप्ताले रौतहटमा पार्टी संगठन विस्तार, कार्यकर्ता परिचालन तथा निर्वाचन व्यवस्थापनमा प्रभावकारी भूमिका खेल्ने अपेक्षा गरिएको छ।

पार्टी नेतृत्व तथा कार्यकर्ताले उनलाई नयाँ जिम्मेवारीका लागि हार्दिक बधाई दिँदै सफल कार्यकालको शुभकामना व्यक्त गरेका छन । यसैबीच नेकपा एमाले मधेशप्रदेश कमिटीले जनकपुरधाममा आयोजित एक कार्यक्रमका बिच ११ औं महाधिवेशनबाट अत्यधिक मतसहित विजयी भएका नवनिर्वाचित केन्द्रीय कमिटी सदस्य गुप्तालाई सम्मान गरेको छ।

महाधिवेशनमा उल्लेखनीय मत ल्याएर विजयी भएको योगदानको कदर गर्दै प्रदेश कमिटीले उनीहरूलाई सम्मान गरेको हो।

कार्यक्रममा वक्ताहरूले नवनिर्वाचित केन्द्रीय सदस्यहरूले पार्टी संगठन सुदृढीकरण, मधेशको विकास र जनताको मुद्दा सशक्त रूपमा उठाउने विश्वास व्यक्त गरे।

## मोटरसाईकल हरायो

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा लक्ष्मीनियाँ गाउँपालिका वडा नं. १ स्थित नरेश यादवको फर्ममा Parking गरिराखेको अवस्थाबाट मिति २०८२/०९/२१ गते करिब राति १२:०० बजे लु.प्र. ०१-००५ प ४९३३ नम्बरको ब्रोकिंग कालो रंगको ईन्जिन नं. PDXCSK77882 चेचिस नम्बर MD2B54DX2SCK84025 को बजाज कम्पनीको Pulser 160 cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

**नामः कलाशो देवी**
**ठेगानाः लक्ष्मीनियाँ गा.पा.-१, अरेखा**
**मो. नं. ९७००१६६१५७**

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | रमाइलो यात्राको योग रहेको छ। आज धार्मिक कार्यमा मन जानेछ। |
| वृष : | सानै प्रयासले काममा सफलता मिल्नेछ। |
| मिथुन : | व्यापार व्यवसायमा लाभ हुनेछ। आज गरेको कार्यमा सफलता मिल्नेछ। |
| कर्कट : | साथीभाइको सहयोगले महत्वपूर्ण काममा सफलता मिल्नेछ। |
| सिंह : | रोजगारीको नयाँ अवसर मिल्नेछ । आज घुमफिर र मनोरञ्जन हुनेछ। |
| कन्या : | सामाजिक कामहरु सफल हुनेछन् । मनमा दुविधा उत्पन्न हुनेछ। |
| तुला : | सोचेको आटेको काममा सफलता मिल्नेछ। |
| वृश्चिक : | आज प्रणयसम्बन्ध कसिलो हुने समय रहेको छ। |
| धनु : | सामाजिक कार्यमा तत्परता रहनेछ। |
| मकर : | अध्ययन अध्यापनमा सुधार आउनेछ। |
| कुम्भः | शत्रुहरु पराजित हुनेछन् । आज शुभ कार्य र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। |
| मीन : | रोकिएका अधुरा कामहरु सुचारु हुनेछन्। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# पार्टीभित्र देखिएको अन्तरविरोधलाई समाधान गर्न ट्रेड युनियनको आग्रह

काठमाण्डु । नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल ट्रेड युनियन कांग्रेसले पार्टीभित्र पछिल्लोसमय देखिएको अन्तरविरोधलाई तत्काल समाधान गर्न आग्रह गरेको छ ।

युनियनका महासचिव अजयकुमार राईले बुधबार एक विज्ञप्ति जारी गरी पार्टी अहिले कठिन र विषम् परिस्थितिमा अगाडि बढिरहेको भन्दै पार्टीभित्र पङ्क्तिसम्म आन्तरिक हुनु चिन्ताको विषय भएको जनाएको छ । सम्भावहिनता र आपसी आरोपप्रत्यारोपले पार्टीप्रति आस्था राख्ने बुद्धिजीवी, पेसाकर्मी, श्रमजीवी र सम्पूर्ण मतदातालाई दुःखित र चिन्तित बनाएको महासचिव राईद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

जेनजी आन्दोलनपछि राजनीतिक अन्यौलता, आर्थिक एवं सामाजिक विचलनको अवस्थाबाट गुज्रिएको मुलुकलाई दिशानिर्देश गर्दै आगामी फागुन २१ गतेका लागि तोकिएको निर्वाचनमा कांग्रेस एकढिक्का भएर अगाडि बढ्नुपर्ने एकता, समन्वय र सहकार्य आवश्यक रहेको बताउनुभयो ।

“पछिल्लो पटक पार्टीभित्र देखा परेको अन्तरद्वन्द्वलाई आपसी संवाद, सहमति र सहकार्यको संस्कृति एवं लोकतान्त्रिक विधि र पद्धतिमार्फत निरुपण गरी पार्टी संरचनाका सम्पूर्ण नेतृत्व एकढिक्का हुनु जरुरी छ”, युनियनद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

> “पछिल्लो पटक पार्टीभित्र देखा परेको अन्तरद्वन्द्वलाई आपसी संवाद, सहमति र सहकार्यको संस्कृति एवं लोकतान्त्रिक विधि र पद्धतिमार्फत निरुपण गरी पार्टी संरचनाका सम्पूर्ण नेतृत्व एकढिक्का हुनु जरुरी छ”

ट्रेड युनियन कांग्रेसले पार्टीका लाखौँ कार्यकर्ता, शुभेच्छुक र सर्वसाधारण जनताको भावनाविपरीत पार्टीका उच्च नेतृत्वदेखि कार्यकर्ता अहिलेको आवश्यक भएको नेपाल ट्रेड युनियन कांग्रेसले जनाएको छ ।

मुलुकको हरेक राजनीतिक परिवर्तनमा नेतृत्वदायी भूमिका खेल्दै आएको कांग्रेसले आगामी दिनमा समेत मुलुकलाई नेतृत्व गर्नुपर्ने आवश्यकता भएकाले एकताबद्ध भएर अगाडि बढ्नसमेत पार्टी नेतृत्वलाई युनियनले आग्रह गरेको छ ।रासस

# कानुन मिचेर रकमान्तर

काठमाण्डु । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३२ मा पहिलो त्रैमासिक अवधि समाप्त नभएसम्म रकमान्तर गर्न नपाइने व्यवस्था छ । तर उक्त नियमावली विपरीत सरकारले गत असोज मसान्तसम्ममा करिब रू २९ करोड रकमान्तर गरिसकेको छ ।

अर्थ मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार यो अवधिसम्ममा विषयगत मन्त्रालयहरुले रू १६ करोड १५ लाख ४२ हजार बराबर आन्तरिक रकमान्तर गरेका छन् भने अर्थ मन्त्रालयले अर्थ विविध शीर्षकबाट रू १२ करोड ८४ लाख ५० हजार बराबर रकम विभिन्न मन्त्रालय र निकायलाई रकमान्तर गरेको देखिन्छ । यसरी चालु आर्थिक वर्षको पहिलो त्रैमासमा रू २८ करोड ९९ लाख ९० हजार बराबर कानुन विपरीत रकमान्तर भएको हो । यसमा स्रोतान्तर र थप निकासा शीर्षकको रकम समावेश छैन ।

गत भदौमा गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कानुन विपरीत आन्तरिक रकमान्तर गरेका छन् भने असोजमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नियमावलीको व्यवस्था विपरीत रकमान्तर गरेको देखिन्छ । त्यस्तै, अर्थ विविध शीर्षकबाट भदौमा अर्थ मन्त्रालयका लागि एक पटक र असोज महिनामा गृह मन्त्रालयका लागि चार पटकसम्म रकमान्तर भएको छ ।

अर्थ मन्त्रालयका प्रवक्ता टङ्कप्रसाद पाण्डेयले यो रकम अनिवार्य दायित्व सृजना भएको अवस्थामा भुक्तानीका लागि प्रयोग भएको बताउनुभयो । “विनियोजन ऐनमा त्रुटि भएर कुनै योजना तथा कार्यक्रमलाई बजेट नपरेको वा कम भएको, अदालतको आदेशबाट सरकारलाई दायित्व सृजना भएको र मन्त्रिपरिषद्बाट आर्थिक सहयोगका लागि उपलब्ध निर्णय भए बमोजिम त्यसको भुक्तानीका लागि यो रकम दिइएको हो । यसलाई कानुन विपरीत रकमान्तर भएको मिल्दैन”, प्रवक्ता पाण्डेयले भन्नुभयो ।



अर्थ मन्त्रालयको विवरणअनुसार चालु आर्थिक वर्षको बजेटमा अबण्डा शीर्षकमा राखिएको अर्थात् अर्थ विविध शीर्षकबाट गृह मन्त्रालयलाई असोज ९ गते रू सात करोड ६५ लाख, असोज २१ गते रू तीन करोड आठ लाख र असोज २२ गते रू ३० लाख रकमान्तर भएको छ । मन्त्रालयहरुले आन्तरिक रुपमा गरेको र अर्थ मन्त्रालयले स्वीकृति दिएको रकमान्तरको अवस्था हेर्दा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गत असोजमा रू १३ करोड ७६ लाख २३ हजार बराबर रकमान्तर गरेको छ । भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयले रू दुई करोड १७ लाख ८३ हजार र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले रू २१ लाख ३६ हजार बराबर रकम असोजमा रकमान्तर गरेको छ ।

अर्थ मन्त्रालयबाट प्राप्त विवरणअनुसार चालु आर्थिक वर्षको सुरुवाती पाँच महिना अर्थात् मङ्सिर मसान्तसम्ममा करिब रू आठ अर्ब बराबर रकमान्तर भएको छ । जसमध्ये विभिन्न मन्त्रालयहरुले रू छ अर्ब ८७ करोड ७५ लाख ७२ हजार बराबर आन्तरिक रकमान्तर गरेका छन् भने अर्थ मन्त्रालयले अर्थ विविध शीर्षकबाट रू ९३ करोड ५० लाख ५२ हजार रकमान्तर गरेको छ ।

त्यसो त अर्थ मन्त्रालयले गत साउन १ गते सबै मन्त्रालय र निकायहरुलाई बजेट कार्यान्वयन मार्गदर्शन पठाउँदा पनि पहिलो त्रैमासिक अवधिमा रकमान्तर नगर्नु भनेर परिपत्र गरेको थियो । बजेट कार्यान्वयन मार्गदर्शनको बुँदा नम्बर ५५ मा कुन-कुन अवस्थामा रकमान्तर गर्न हुँदैन भनेर खुलाइएको छ । सुरु विनियोजन नभएको खर्च संकेतमा, नयाँ क्रियाकलापमा, आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा र असार महिनामा रकमान्तर नगर्नु भनेर अर्थ मन्त्रालयले परिपत्र गरेको देखिन्छ ।

यसरी नियमावली र बजेट कार्यान्वयन मार्गदर्शन विपरीत हुनेगरी अर्थ मन्त्रालय आफैबाट समेत रकमान्तर हुनु आर्थिक अनुशासनको उल्लङ्घन मात्र नभई कानुनको अटेरी हुन जाने जानकार हरुको बुझाइ छ ।

अर्थविद् डा डिल्लीराज खनाल पहिलो त्रैमासमा रकमान्तर गरिनु विद्यमान कानुनको बर्खिलाप रहेको बताउनुहुन्छ । कानुनको उल्लङ्घन हुँदासमेत कसैलाई जिम्मेवार बनाउननसकिएकोउहाँकोभनाइछ।“आफैँले बनाएको कानुन हामी आफैँ परिपालना गरिरहेका छैनौँ । उल्लङ्घन गर्दा कोही जिम्मेवार हुन नपर्ने अवस्था छ”, उहाँले रासससँग भन्नुभयो, “बजेट प्रणालीमा भद्रगोल र अराजकता छ । हाम्रो वित्तीय र समग्र प्रणाली असफल हुने भनेको यस्तै बेथिति बढ्दै गएर हो ।”

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली विपरीत मन्त्रालयहरुबाट रकमान्तर गर्ने गरेको यो पहिलोपटक भने होइन । अघिल्ला वर्षहरुमा विभिन्न मन्त्रालयले आर्थिक वर्ष सुरु भए लगत्तै रकमान्तर, स्रोतान्तर र थप निकासा गर्ने गरेको देखिन्छ । तुलनात्मक रुपमा हेर्ने हो भने यसवर्ष भएको कानुन विपरीतको रकमान्तर अघिल्ला वर्षहरुको भन्दा कम हो ।

अर्थ मन्त्रालयका अनुसार गत आर्थिक वर्ष २०८१/८२ को पहिलो तीन महिनामा रू दुई अर्ब ५१ करोड ७४ लाख ६७ हजार बराबर रकमान्तर भएको थियो । जसमध्ये उखु किसानले पाउने अनुदान र दुग्ध किसानले रकम भुक्तानीका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई मात्र रू दुई अर्ब ३६ करोड रकमान्तर भएको थियो ।

यसरी कानुन विपरीत रकमान्तर भएको विषयलाई महालेखापरीक्षकको कार्यालयले हरेक वर्ष आफ्नो प्रतिवेदनमा उल्लेख गर्ने गरेको छ । महालेखापरीक्षकको बासट्ठिऔँ वार्षिक प्रतिवेदन, २०८२ ले पहिलो त्रैमास र वर्षान्तमा रकमान्तर गर्ने, शून्य बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रममा रकमान्तर गर्ने, राष्ट्रिय गौरवका आयोजनामा छुट्याइएको बजेटसमेत रकमान्तर गर्ने जस्ता कानुन विपरीतका काम रोकिनुपर्ने उल्लेख गरेको छ ।

महालेखापरीक्षकको प्रतिवेदनअनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ को पहिलो त्रैमासिक अवधिमा मात्र रु ११ अर्ब ६४ करोड सात लाख अर्थात् कूल वार्षिक रकमान्तरको चार दशमलव ५४ प्रतिशत रकमान्तर भएको थियो । यो वर्षको रकमान्तरमध्ये २०८१ असार महिनामा रू २६ अर्ब ९० करोड ३४ लाख र २०८१ असार महिनाको अन्तिम हप्तामा मात्र रू १५ अर्ब ९८ करोड ३० लाख रकमान्तर गरिएको थियो । त्यस्तै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा बजेट विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्न नपाइने व्यवस्था रहेकोमा शून्य बजेट विनियोजन भएका २३ वटा कार्यक्रमका लागि रू ११ अर्ब ७५ करोड ९८ लाख रकमान्तर भएको महालेखापरीक्षकको ६२ औं प्रतिवेदनमा उल्लेख छ । राष्ट्रिय गौरवका आयोजनामा विनियोजित बजेट अन्य आयोजनामा रकमान्तर गर्न पाइँदैन । तर आर्थिक वर्ष २०८०/८१ मा आठ वटा राष्ट्रिय गौरवका आयोजनामा विनियोजित रु पाँच अर्ब २८ करोड ५० लाख अन्य आयोजनामा रकमान्तर गरिएको थियो ।

त्यस्तै, आर्थिक वर्ष २०७९/८० को कूल वार्षिक बजेट रू १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाखमध्ये रू ९५ अर्ब २९ करोड ७४ लाख अर्थात् वार्षिक विनियोजनको पाँच दशमलव ३१ प्रतिशत रकमान्तर भएको छ । सोमध्ये २०८० असारमा मात्र रू २३ अर्ब १० करोड ६५ लाख र असारको अन्तिम हप्तामा मात्र रू १३ अर्ब ८१ करोड ९९ लाख रकमान्तर गरी विभिन्न शीर्षक/उपशीर्षकमा थप घट गरिएको थियो । सो आर्थिक वर्षको पहिलो त्रैमासमा मात्र रू ३३ अर्ब १५ करोड १९ लाख अर्थात् कूल रकमान्तरको ३४ दशमलव ७९ प्रतिशत रकमान्तर भएको छ । यस्तो कार्य गर्दा कानुनको परिपालना गरिनुपर्ने महालेखापरीक्षकको ६१ औं प्रतिवेदनमा उल्लेख छ ।

विनियोजन ऐन, २०७९ को दफा ३ (३) मा रकमान्तर गर्दा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्ख्यामा रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । सो कानुनी व्यवस्थाको प्रतिकूल हुने गरीसमेत रकमान्तर भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ ।रासस

## लोकतन्त्रको मूल आधारनै निर्वाचन हो :

# निर्वाचन आयुक्त तुलाधर

काठमाण्डु । निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधरले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहित, समावेशी तथा विश्वसनीय रूपमा सम्पन्न गर्न आयोगले पूर्ण प्रतिबद्धताका साथ कार्य गरिरहेको बताउनुभएको छ ।

निर्वाचन प्रशिक्षक प्रशिक्षण दुई दिने कार्यशाला गोष्ठी समापन समारोहमा उहाँले आगामी निर्वाचन नेपालको लोकतान्त्रिक अभ्यासको एक अत्यन्त संवेदनशील र निर्णायक चरण भएको उल्लेख गर्नुभयो ।

आयुक्त डा तुलाधरले भन्नुभयो, “लोकतन्त्रको मूल आधारनै निर्वाचन हो, र निर्वाचनको विश्वसनीयता, निष्पक्षता तथा पारदर्शिता सुनिश्चित गर्ने प्रमुख जिम्मेवारी आयोग र यसमा संलग्न सम्पूर्ण जनशक्तिको काँधमा रहन्छ ।” उहाँका अनुसार, स्वीकृत निर्वाचन कार्यतालिका अनुसार मतदाता नामावली अद्यावधिक तथा मतपत्र छपाइको कार्य प्रारम्भ भइसकेको तथा निर्वाचनका लागि आवश्यक सामग्रीमध्ये ३७ प्रकारका सामग्री जिल्लास्तरबाट विकेन्द्रीकृत रूपमा खरिद गर्ने तथा ११ प्रकारका सामग्री सार्वजनिक निकायबाट खरिद गर्ने योजना कार्यान्वयनको चरणमा पुगेको छ ।



सबै १६५ निर्वाचन क्षेत्रका लागि निर्वाचन अधिकृतको नियुक्ति सम्पन्न भइसकेको छ । निर्वाचन आयुक्त तुलाधरले निर्वाचन व्यवस्थापनमा खटिने जनशक्तिको समयमै परिचालन, जिम्मेवारीको स्पष्टता, तटस्थ आचरण तथा निर्वाचन आचारसंहिताको पूर्ण पालना निर्वाचनको विश्वसनीयताको आधारस्तम्भ भएको बताउनुभयो ।

मतदान प्रक्रियालाई गोप्य, सुरक्षित, सरल र मतदातामैत्री बनाउने सन्दर्भमा मतदान केन्द्र व्यवस्थापन, मतदान प्रक्रिया, मतगणना, विवाद तथा गुनासो व्यवस्थापन र नतिजा प्रमाणीकरणमा देशव्यापी रूपमा एकरूपता कायम गर्न प्रशिक्षक तथा श्रोत व्यक्तिहरूको भूमिका निर्णायक रहने उहाँको भनाइ थियो ।निर्वाचनमा पहिलो पटक मतदान गर्ने नवयुवा पुस्ताका मतदाताहरूको उल्लेखनीय सहभागिता रहने भएकाले उहाँहरूमा लोकतन्त्रप्रति विश्वास, उत्तरदायित्व र उत्साह अभिवृद्धि गर्ने कार्य पनि प्रशिक्षकमार्फत तल्लो तहसम्म पुग्न पर्नेमा उहाँको जोड छ । आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचनको क्रममा आर्थिक व्यवस्थापनमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व अपरिहार्य रहेको बताउनुभयो । उहाँले भन्नुभयो, “सुरक्षा व्यवस्थापनमा सबै सुरक्षा फौजसँगको समन्वय, जोखिम मूल्याङ्कन र संवेदनशील मतदान केन्द्रको पहिचान अत्यन्त महत्त्वपूर्ण पक्ष हुन् । गलत मतदान हुने नदिन, बदर मत कम गर्न र मतदातामा रहेको निर्वाचनसम्वन्धी भ्रमको अन्त्य गर्न प्रभावकारी मतदाता शिक्षा अपरिहार्य छ ।”

निर्वाचन आचारसंहिता, अनुगमन तथा पर्यवेक्षण संयन्त्रमार्फत यस्ता गतिविधिको नियन्त्रण र नियमनलाई आयोगले प्राथमिकतामा राखेको बताउँदै सचिव राउतले अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक अधिकारको सम्मान गर्दै निर्वाचनको स्वच्छता, मर्यादा र सन्तुलन कायम गर्न श्रोत व्यक्तिको अभिमुखीकरणको महत्त्वपूर्ण भूमिका रहने धारणा राख्नुभयो । उहाँले आयोग, सुरक्षा निकाय, सरकारी संयन्त्र, राजनीतिक दल, सञ्चार माध्यम तथा आम मतदाताको साझा प्रयासबाट यो निर्वाचन लोकतन्त्रको उत्सवका रूपमा सफलतापूर्वक सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।रासस

# विशेष महाधिवेशनमा संलग्न नहुन नेपाली कांग्रेसको अपिल

काठमाण्डु । नेपाली कांग्रेसले पार्टीका पदाधिकारी वा सदस्यहरूले व्यक्तिगत रूपमा बोलाइएको अधिवेशन वा विशेष महाधिवेशनका नाममा गरिने कुनै पनि गतिविधि पार्टीको विधानविपरीत हुने भन्दै त्यस्ता गतिविधिमा संलग्न नहुन नेताकार्यकर्तालाई अपिल गरेको छ ।

केन्द्रीय कार्यालयले बुधबार प्रेस विज्ञप्ति जारी गरी त्यस्ता गतिविधिमा संलग्न नहुन पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरु, महासमिति सदस्यहरु, महाधिवेशन प्रतिनिधिहरु, भ्रातृ एवं शुभेच्छुक संस्था तथा विदेशस्थित नेपाली जनसम्पर्क समितिका पदाधिकारी एवं सदस्यलाई अपिल गरेको हो ।कांग्रेसको विशेष महाधिवेशन पक्षधरले आज पत्रकार सम्मेलन गरी यही पुस २७ र २८ गते काठमाडौँमा विशेष महाधिवेशन आह्वान गरेपछि कांग्रेस केन्द्रीय कार्यालयले सो परिपत्र जारी गरेको हो ।

गत असोज २९ गते ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिले हस्ताक्षर गरी विशेष महाधिवेशनका लागि पार्टी केन्द्रीय कार्यालयमा दर्ता गराएको निवेदनअनुसार तीन महिनाभित्र विशेष महाविधेशन गर्नुपर्ने सो पक्षले माग गर्दै आएको छ ।कांग्रेस केन्द्रीय कार्यालयले पार्टीको विधानमा व्यवस्था भएबमोजिम कुनै पनि तहको अधिवेशन वा विशेष महाधिवेशन बोलाउने अधिकार व्यक्तिगत रूपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केबल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको स्पष्ट पारेको छ ।

गत मङ्सिर १५ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकले १५औं महाधिवेशनको कार्यतालिका सर्वसम्मत निर्णय गरी पार्टीको विधानबमोजिम महाधिवेशनको प्रक्रिया अघि बढिसकेका सन्दर्भमा विशेष महाधिवेशनको औचित्य मङ्सिर १५ गतेदेखि नै स्वतः समाप्त भएको मुख्यसचिव कृष्णप्रसाद पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

कांग्रेस केन्द्रीय कार्यसमितिको निर्णयबाट कार्यतालिका तयार गरी अधिवेशन/महाधिवेशनको प्रक्रिया र कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा, सोही अवधिभित्र माग गरिएको विशेष महाधिवेशनको औचित्य समाप्त भएको यथार्थलाई बेवास्ता गरी विभिन्न सञ्चारमाध्यममार्फत पार्टीको विशेष महाधिवेशन आह्वान गरिएको भन्ने विषयमा पार्टीको ध्यानाकर्षण भएको विज्ञप्तिमा जनाइएको छ ।

साथै, आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि पार्टीले समानुपातिकतर्फ निर्वाचन आयोगमा उम्मेदवार प्रस्तुत गरिसकेको छ । रासस

# आयोगद्वारा राष्ट्रियसभा सदस्य निर्वाचनका उम्मेदवारहरुको सूची सार्वजनिक

काठमाण्डु । निर्वाचन आयोगले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि बुधबार भएको उम्मेदवारी मनोनयनको सूची सार्वजनिक गरेको छ ।

सार्वजनिक सूचीअनुसार १९ पदका लागि हुने निर्वाचनका लागि प्रदेशगत रुपमा विभिन्न दलका गरी ४४ उम्मेदवारले आवेदन दिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । उम्मेदवारीमाथि यही पुस २४ गते उजुरी दिन सकिने यही २५ र २६ गते उजुरीमाथि जाँचबुझ गरी नामावली प्रकाशन गर्ने, २७ गते उम्मेदवारी फिर्ता लिनसक्ने र २८ उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यतालिका रहेको छ ।

उक्त निर्वाचनमा प्रदेशसभा सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख मतदाता हुने कानुनी व्यवस्था छ। सोबमोजिम प्रदेशसभा सदस्य ५४५ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख एक हजार ४९८ गरी दुई हजार ४३ प्रारम्भिक मतदाता नामावली स्वीकृत भएको ती मतदातामध्ये प्रदेशसभाका सदस्यको मतभार ५३ र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतभार १९ रहेको छ ।रासस

# सामाजिक सञ्जाल प्रयोगको नीतिविरुद्ध जाने प्रहरी कारबाहीमा


काठमाण्डु । नेपाल प्रहरीको सामाजिक सञ्जाल प्रयोगसम्बन्धी नीति विपरीत गैर व्यावसायिक एवम् अमर्यादित सामग्री पोष्ट गर्ने ५९९ जना प्रहरीलाई कारबाही गरिएको छ ।

आर्थिक वर्ष २०७७/७८ देखि हालसम्म फेसबुक, एक्स, टिकटकलगायतका विभिन्न सामाजिक सञ्जालमा सङ्गठनविरूद्ध अमर्यादित टिप्पणी गर्ने एवम् प्रहरी पोशाकको दुरूपयोग गर्ने प्रहरी नायब महानिरीक्षकदेखि कार्यालय सहयोगीसम्मलाई विभागीय कारबाही गरिएको प्रहरीका केन्द्रीय प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो ।

कारबाही पर्नेहरूमा एक प्रहरी नायब महानिरीक्षक, एक प्रहरी वरिष्ठ उपरीक्षक, चार प्रहरी उपरीक्षक, पाँच प्रहरी नायब उपरीक्षक, २४ प्रहरी निरीक्षक, ११ प्रहरी वरिष्ठ नायब निरीक्षक, २४ प्रहरी नायब निरीक्षक, ५१ प्रहरी सहायक निरीक्षक, सात प्रहरी वरिष्ठ हवल्दार, ३५ प्रहरी हवल्दार, ७६ सहायक हवल्दार, ३५८ प्रहरी जवान र कार्यालय सहयोगी दुईजना रहेका छन् ।

उनीहरूलाई सङ्गठनको नीति विपरीत कार्य गरेकोमा सख्त चेतावनी, नसिहतदेखि बढुवा रोक्कासम्मको कारबाही गरिएको उहाँले जानकारी दिनुभयो । नेपाल प्रहरीले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित र मर्यादित बनाउन मिति २०७१ मा परिपत्र गरी सामाजिक सञ्जालको व्यवस्थित प्रयोग गर्नेसम्बन्धी निर्देशिका जारी गरेको थियो ।

नेपाल प्रहरीका कर्मचारीले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धी कार्यादेश २०७७ एवम् प्रहरी प्रधान कार्यालयबाट विभिन्न मितिमा गरिएका परिपत्रहरुमा समेत प्रहरीले सामाजिक सञ्जालमा गैर व्यावसायिक र अमर्यादित आचरण प्रदर्शन नगर्न भनिएको थियो ।रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# फेरि एमाले र कांग्रेस गठबन्धन

राष्ट्रिय सभाको चुनावका लागि नेपाली कांग्रेस र नेकपा एमालेबीच गठबन्धन भएको छ। गठबन्धनमा नेपाली कम्युनिष्ट पार्टी(नेकपा) नअटाए पनि जनता समाजवादी पार्टी(जसपा) नेपाललाई एक सिट दिएर गठबन्धनको हिस्सा बनाइएको छ। नेकां र एमाले विघटित प्रतिनिधि सभामा गठबन्धन गरेका थिए। कांग्रेस र एमालेको संयुक्त सरकार थियो। राष्ट्रिय सभाको १८ सिट मध्ये कांग्रेसले नौ, एमालेले आठ र जसपा नेपालले एक सिट पाएको छ। फागुन २० गतेपछि राष्ट्रिय सभामा नेपाली कांग्रेस सबै भन्दा ठूलो बन्ने छ। चुनाव हुन लागेको स्थान मध्ये नेकांको कोटामा परेका सदस्यहरुको पद रित्त भएको छैन। कांग्रेस, एमाले र जसपा नेपालबीच गठबन्धन भएसंगै १८ वटै सिटमा जीत सुनिश्चित भएको छ। नेकपाले १८ वटै पदमा उम्मेदवारी दिएर आफ्नो उपस्थिति जनाएको छ। नेकपाले कुनै पनि प्रदेशमा जीत हासिल गर्ने गणित देखिदैन। विगतमा राष्ट्रिय सभाको चुनावमा नेपाली कांग्रेसका सांसदहरुले घात गरी कोशी प्रदेशमा एमालेका उम्मेदवारलाई जिताएको घटना दोहरिए नेकपाले केही सिट जित्न पनि सक्छ। तर त्यसको सम्भावना अत्यन्त कमजोर छ। प्रारम्भमा नेकां, एमाले, नेकपा र जसपा नेपालले गठबन्धन गर्ने गृहकार्य भएको थियो। सात दल नेकां र उतिकै एमालेले लिने, तीन सिट नेकपा र एक सिट जसपा नेपाललाई दिने छलफल भएको थियो। तर नेकपा चार सिट भन्दा कम लिन अस्वीकार गरेपछि कांग्रेस र एमालेले एउटा सिट जसपा नेपाललाई दिएर भाग मिलाएको छ। कांग्रेस र एमालेबीच राष्ट्रिय सभाका लागि बनेको गठबन्धन प्रतिनिधि सभामा कायम रहने संभावना निकै कमजोर छ। प्रतिनिधि सभाका लागि कांग्रेस र एमालेबीच गठबन्धन भए नेकपा र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का लागि भाग्योदय हुनेछ। कांग्रेस र एमालेबीच सिटको तालमेल गर्न कठिन हुनेछ। कतिपय क्षेत्रमा कांग्रेसले एमालेलाई र एमालेले कांग्रेसलाई मतदान गर्ने छैन। त्यसको बढी लाभ रास्वपा र थोरै लाभ नेकपाले पाउने छ। कांग्रेसले एमालेलाई नहाल्ने मत रास्वपाको उम्मेदवारले पाउने र एमालेले कांग्रेसलाई नहाल्ने मत नेकपाले पाउने सम्भावना बलियो देखिन्छ। जेन-जी आन्दोलनले एमाले र कांग्रेसको सत्तालाई दुई दिनमै फालेको थियो। हुन त त्यसमा जनधनको ठूलो क्षति भएको थियो। कांग्रेस र एमालेप्रति युवापुस्ताको धारणा सकारात्मक छैन। यस पटक देशभरि नै युवाहरुको सक्रियता अत्यधिक बढेको छ। परीक्षण भइसकेका र परीक्षणको कसीमा चढ्न लागेका उम्मेदवारहरुबीच नै प्रतिस्पर्धा हुने देखिन्छ। कांग्रेस र एमालेका उम्मेदवारहरु विरुद्ध तयार भएको वैकल्पिक शक्तिको रुपमा रास्वपा अगाडि आउने छ।

# स्वस्थ्य राज्य व्यवस्थाका लागि निवृत्तिकरण आवश्यक



उपेन्द्र भगत नागवंशी

संसारका जुनसुकै राष्ट्र होस्, त्यस राष्ट्रको भाग्य त्यहाँका शासकहरुको चरित्र र कर्मचारीहरुको कार्यप्रणाली माथि निर्भर हुन्छन् । यो विषय नैतिकतासंग जुडेका विषय हुन् । तर, हाम्रो देशमा नैतिक शिक्षा नै शिक्षा सेलेबसबाट गायब छ, भने यसको वकालत गरेर मात्र नैतिकता आउँछ भने मानेर यथेष्ट चर्चा गरौं । स्वस्थ्य राज्य प्रणालीका लागि पहिलो काम नैतिकताबाटै आरम्भ हुन्छ। कुनै स्वस्थ्य राज्यको भाग्यको निर्णयपनि राजनीतिक चेतनाले हुन्छ र त्यसमा सर्वोपरी प्राथमिकता राष्ट्रको हित केमा त्यसमा केन्द्रित भइ कार्य गर्नुपर्छ अनि राष्ट्र-स्वस्थ्य रहन्छन् । राष्ट्र स्वस्थ्य रह्यो भने मात्र जनता सुखी, समाज चेतनशील छन् भने बोध हुन्छन्। यसका लागि नेतामा जनउसासी भावनाका साथ-साथै दीर्घकालीन सोच, जनहितकारी नीति कायम गर्ने गुण-विशेषता विद्यमान हुनैपर्छ ।

**दृढ नैतिक आचरणको कमी किन ?**

देश संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण भएपछि पनि दृढ नैतिक आचरण, कर्तव्यबोधक नेता, नीति निर्माणकर्ताहरु भएन । यसको तात्पर्य नेपालमा त्यस्ता गुण विशेषता भएका मानिस नै होइन, किमार्थ भने होइन! देशका कमान हातमा लिएर बसेका नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी त्यसपछि मधेशवादी दलहरु समेतका नेतृत्वकर्ताले आफूबाहेक अरु कर्तव्यनिष्टहरुलाई अवसरै दिएन, परिवर्तन गर्ने ठाउँमा पुग्नै दिएन र देखाउनलाई केही जनालाई राखे पनि आफ्नो पकड भन्दा पर गएर केही नौलौ गर्ने सोच भएकाहरुलाई गर्न दिएन। जो त्यसविरुद्धमा मुख खोल्न लागे, खोले त्यसलाई दलगत अनुशासनको नाममा कारबाही गरे, किनारा लगाए यो यथार्थ छ। सामान्यजन सदाचारी भावनाको भए पनि विधि व्यवस्थापकीय पक्ष षडयन्त्रकारी भएकै कारण देशमा विभिन्न कालखण्डमा षडयन्त्रपूर्ण सफल भए । राणा, पञ्चायतकालीन कोतपर्व,२०५८ जेष्ठ-१९मा रहस्यमय दरबार हत्याकाण्ड भयो । गएको भदौ २३-२४ गते जेन- जी(युवाहरु) को आन्दोलनमा देशमा महत्वपूर्ण तथा सम्वेदनशील स्थानहरु-'संसद भवन, राष्ट्रपति भवन, सरकार प्रमुख बस्ने, मन्त्री मन्त्रालयहरु रहेको सिंहदरबार, नागरिक सर्वोच्चताका अग्रन्यायिक निकाय सर्वोच्च अदालत, आदि डटाएर खरानी पार्ने काम भयो । त्यो त्यतिकै सम्भव भएको हो त ? किमार्थ होइन होला ! जनहितकारी राज्य सञ्चालन गर्ने पटकपटक प्रतिबद्धता गरेका नेता, नीति निर्माणतहमा बस्ने उच्च पदस्त कर्मचारीको नैतिक पतनका कारण पनि सम्भव भएको हो भन्ने कुरा आत्मालाई नै साक्षी राखेपछि भएको घटनाहरुबाट बुझिन्छ।

**नैतिकताका केही ऐतिहासिक प्रसंग-**

ईशापूर्व तेस्रो शताब्दीमा तात्कालीन भारतवर्ष अधिन मौर्य साम्राज्यका अतिप्रतिभाशाली नायक विश्व प्रसिद्ध अर्थशास्त्री 'चाण्क्य'ले भनेका रहेछन्-"जो आफ्नो पहिचानका निमित्त संस्कृति, परम्परा आफू मरेर पनि जोगाउन सक्दैन, त्यो देश विधर्मीहरुको चपेटामा पर्छ । र भविष्यका सन्तती आफ्ना पूर्वजलाई गाली गर्छन्, सराप छन् ।" हाम्रा नेपालमा कोही राजनेता भएन । अंग्रेजीमा भन्नुपर्दा सच्चा लिडर कोही भएन प्रायः सबै डिलर-नै-डिलर भए। अर्थात् राष्टनेता हुन सकेन। अधिकांश बइमान घाती कर्मचारीतन्त्र र नैतिकविहीन नेताहरुकै कारण देश-प्रदेश र स्थानीय सरकारतन्त्र जनभावना अनुकूल नचलिरहेका अवस्थामा आइपुगेका छन्।

मुलुकमा नाम चलेका पार्टीका नेताज्युहरु काण्डैकाण्ड गरेर सभ्यताका खाल ओढेर 'गिरीबन्धु टी काण्ड, बालुवाटार जग्गा प्रकरण, कैन्टोमैन्ट घोटाला, नक्कली भुटानी शरनार्थी आदि काण्ड गरेर पनि चोखो बनेर फेरि जनतालाई झुक्याउने युक्तिमा लागि सकेका छन् । हामी त्यस्ताका नेतृत्व स्वीकार दिनुपर्ने, त्यस्तो बाध्यकारी व्यवस्थामा चुनाब गराएर फेरि त्यस्तै फटहा जनघातीको हातमा देशको नेतृत्व दिनुपर्ने अवस्थामा वर्तमान प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले पनि लागेको बोध भइरहेका छन्। यसले देश प्रदेशको मुहान फेर्ने होइन बरु कुभलो नै गर्ने हो, हुने हो ! भनि आम नेपालीको चिन्ताको विषय बन्नुपर्ने हो।

**नैतिकविहीनको भरमा नरहौं**

निर्वाचन लोकतान्त्रिक विधि हो । जनताको सर्वोच्चता यसै पद्धतिको आधारमा कायम हुन्छन्। त्यसकारण निर्वाचन हुनैपर्छ तर निर्वाचन जो

> आगामी फागुन-२१ मा हुने भनिएको सुशीला कार्की नेतृत्वको सरकारको निर्वाचन भएमा पुराना सबैलाई त्यागेर नयाँ नेपाल बनाउन चाहने नयाँ दल र सुझबुझ भएका, देशलाई नेतृत्व दिन चाहने सक्षम नयाँ व्यक्तित्वहरुलाई नै छान्नुपर्छ भन्ने अहिले देखि नै अठोट गरेर लाग्नुपर्ने आवश्यकता छ । यथास्थितिवाद दल र तीनका नेतृत्वकर्ताहरुकै क्रियाकलापले मुलुक अस्वस्थ्य भइसकेका छन् । जुनसुकै देशका नागरिक अस्वस्थ्य भयो भने उपचारपछि सहज हुन्छ । तर देश अस्वस्थ्य भयो भने त्यसदेशका नागरिकलाई दीर्घकालसम्म असहज परिस्थितिको सामना गरी रहनुपर्दछ ।

प्रणाली छ, त्यसै आधारमा पुनः निर्वाचन हुन्छ भने निर्वाचनको कुनै औचित्य छैन। नैतिकविहीन नेता, नीतिविहिन दल र जनतासंग गरेको वाचा पूरा नगर्ने दल र नेतामाथि पनि कारबाही होस्, त्यसको दायरा कायम गरेर, मतदातालाई खुल्ला विकल्प दिनुपर्दछ। त्यो विकल्पका लागि 'राइट टू रिजेक्ट'को अधिकार दिनुपर्दछ। राइट टू रिकल' को, व्यवस्था निर्वाचन आयोगले गनुपर्ने छ। साथै जनताद्वारा प्रत्यक्ष रुपमा सरकार प्रमुख, राष्ट्रप्रमुखको चयन गर्ने पद्धतिसहितको अधिकार जनतालाई दिएपछि मात्र निर्वाचन गराउन उपयुक्त हुन्छ । साथै हामी जति पनि नकारात्मक कुरा गरौँ आफ्ना पुर्खालाई नबिर्सौं । जसले बाइसौं-चौबिसौं राज्यलाई एकीकरण गरी समग्र नेपाल-नेपालीलाई एउटै छात्ता मुनि ल्याए, एक बनाए तीनको देनलाई पनि आत्मसात गरेर संवैधानिक अङ्ग बनाएर जानुपर्छ । पुर्खाको मान राख्ने, सम्पदाको महत्व दर्शाउने, सबैको पहिचान, सांस्कृतिक मूल्य-मान्यतालाई आत्मसाथ गर्ने थिति बसाउन सार्थक-कार्य गरौं। अन्यथा संसदको पुनर्वहाली गरेर भगवान भरोसे नेपाली जनतालाई भगवानकै भरोसामा छाडदिनु पर्दछ । सरकारमा रहेका बेला जनपक्षधर मुद्दा उठान गर्दिनुको साटो चुप्प भइ दिने नेता। सरकार परिवर्तनपछि फरक-फरक दृष्टिकोण राख्ने र जनतालाई अश्वासन दिने तर फेरि सत्ता र सरकारमा गएपछि ती मुद्दालाई बिर्सिने हबिका हाम्रा नेताहरु सार्वाधिक भए। त्यसकारण भगवान भरोसे नेपाली जनता होस् तर नैतिकविहीन नेतृत्वकर्ताको भरमा नरहोस्।

**मुखौटाधारीहरूबाट सावधान**

लोकतान्त्रिक मूल्य-मान्यता र सिद्धान्तका आधारमा यी निकायहरुलाई चल्नु चलाउन सक्नु पर्थ्यो त्यस्तो भएन। जेन- जी आन्दोलनपछि प्रमुख दल र तिनका अगुवा तथा मुखौटाधारी पर्दा पछाडिका पात्रहरुको हाली मुहाली देशमा उत्तिकै छन् । उनीहरुमा र तीनका आचरणमा केही सुधार भएको ग्रासरुटमा देखिदैन सो कुराको बोध आमजनताले गर्न थालेका छन् । देशलाई रसातलमा पुऱ्याउने त्यही दलढोलकीया नेता र कर्मचारीको रबैयामा परिवर्तन आएको देखिदैनन्। व्यक्तिवादको हविगतले लोकतन्त्र जस्तो राम्रो व्यवस्थाको छवि बिग्रेको सन्देश त्यसकारण संसारमा नेपालको राजनीतिले गर्दा गएको छ। लोकतान्त्रिक सुदृढ व्यवस्थापन खुम्चिएर लोकतन्त्रमा विश्वास गर्ने, सोको सुखद् कल्पनाको आशा गर्नेहरुलाई पनि गहिरो धक्का लागेका छन्।

सबै देशको परराष्ट्रनीति हुन्छन्। तर हाम्रो देशको परराष्ट्रनीति कस्तो छ ? यसमाथि दृष्टि पुऱ्याउँदा कहिले उत्तर तिर फर्केर हेर्ने कहिले दक्षिण तिर ढल्कने। जे कुरामा पनि देशलाई केन्द्रमा राखेर जानुपर्ने त्यस्ता परराष्ट्रनीति हुनुपर्ने धारणा अहिलेसम्म सरकारले बनाउन सकेको छैन । सबैथोक आफ्नो हिसाबले मुद्दा बनाएर ल्याएर स्थापित गर्ने र सो पनि पूरा नगरी ढाट्ने, ठग्ने, आफ्ना सन्तति, नातागोताबालालाई उकास्ने बाहेक के नै गरेका छन् ? राम्रो व्यवस्थालाई गलत व्यवस्था भयो भन्ने यी दलहरुप्रति प्रश्न अझै पनि नउठाएर सही नेतृत्व दिन सक्ने क्षमतावान, इमान्दार, देशहितकारी व्यक्तिलाई चयन गरेनौं भने हामी सामान्य नेपालीको कस्तो दुर्दशा हुन्छ, त्यो कल्पना नगरे हुन्छन्। हामी त्यति जटिल र संकटको भुमरीमा आइपुगेका छौं। त्यसकै लागि माथि भनेको हुँ, स्वस्थ्य राज्य व्यवस्था चाहियो। त्यसका निमित्त संकट मोचन हुनैपर्छ तथा हामीले दलहरुको पुराना रबैयालाई निवृत्तिकरण गरेर जानुपर्छ। पुरानो पार्टीका नेताज्युहरु भ्रष्टाचार, बइमानी, व्यभिचार आदि नैतिकपतन कार्यहरु गरेर निकृष्ट भइसकेका छन् । तर, फेरि चोखो बन्न खोजेका अथवा चोखो बनेर आउन खोजेकाबाट आम नेपाली सतर्क भने हुनैपर्छ। निकृष्ट नेता सम्बद्ध दलको फुटेको मादल बजाउन दिनुहुन्न र जेन-जी आन्दोलनपछि फेरि अलाप गरिरहेका छन् । तर उनीहरु सुन्ने पक्षमा सम्पूर्ण नेपाली जनता एकढिक्का भएर जानुपर्छ, नत्र नेपाल र नेपालीको अस्तित्व मेटिने खतरा प्रबल छ। त्यस्तो ठाउँमा तिनिहरुले देश र देशवासीलाई पुऱ्याइ दिएका छन् । आगामी फागुन-२१ मा हुने भनिएको सुशीला कार्की नेतृत्वको सरकारको निर्वाचन भएमा पुराना सबैलाई त्यागेर नयाँ नेपाल बनाउन चाहने नयाँ दल र सुझबुझ भएका, देशलाई नेतृत्व दिन चाहने सक्षम नयाँ व्यक्तित्वहरुलाई नै छान्नुपर्छ भन्ने अहिले देखि नै अठोट गरेर लाग्नुपर्ने आवश्यकता छ। यथास्थितिवाद दल र तीनका नेतृत्वकर्ताहरुकै क्रियाकलापले मुलुक अस्वस्थ्य भइसकेका छन्। जुनसुकै देशका नागरिक अस्वस्थ्य भयो भने उपचारपछि सहज हुन्छ । तर देश अस्वस्थ्य भयो भने त्यसदेशका नागरिकलाई दीर्घकालसम्म असहज परिस्थितिको सामना गरी रहनुपर्दछ। देश बिरामी भए स्वस्थ्य हुन सय वर्षसम्म पनि लाग्छ । तबसम्म पिढी दर पिढी अस्वस्थ बन्दै जान्छन्। बुझिनु पर्ने मूल कुरा यही नै हो।

# अरनिको नेपालका गहना



प्रा डा तीर्थप्रसाद मिश्र

अरनिको नेपालको छवि विश्वभर उजिल्याउने र नेपाली मनमन्दिरमा विराजमान कहिल्यै ननिभ्ने बत्ती हुन्। यिनैको आरती र अर्चना गरी उनको व्यक्तित्व र योगदान विषयमा स्तुति गरी श्रद्धा गर्ने दिवस हो, अरनिको जयन्ती। यथार्थमा नै सबै नेपालीले श्राद्ध (श्रद्धापूर्वक गरिने कार्य) गर्ने पितृ (पुर्खा) तिनै महामानव हुन्, जसको सन्दर्भ नेपालको गौरवमय अतीतसँग प्रत्यक्ष रूपमा गासिएको छ। नेपाल र चीनमा समेत हरेक वर्ष पुस २३ गते विशेष महत्वका साथ अरनिको दिवस मनाइने परम्परा २०५८ सालबाट थालनी भएको हो।

नेपाललाई तिब्बत, चीन, मङ्गोलिया, इन्डोनेसियासम्म चिनाउने अरनिको एक महान् चित्रकार, कलाकार, वास्तुकलाविद् थिए, जसको कलाकारिताबिना वास्तुकलाको इतिहास नै अधुरो र अपुरो रहन्छ। यस्ता महान् धर्तीपुत्रको कार्य र योगदान विषयमा प्रकाश पार्ने नेपाली वाङ्मयका श्रेष्ठ व्यक्तित्व सत्यमोहन जोशी र अन्वेषक मीनबहादुर शाक्यप्रति सम्मान र सराहना गर्न पनि कन्जुस्याइँ गर्नु हुँदैन। चिनियाँ स्रोतको अध्ययन, विश्लेषण र स्थलगत अवलोकनका आधारमा जोशीले र उनको चित्र अन्वेषण गर्ने शाक्यहरूले जागर नचलाएको भए अरनिको इतिहासकै गर्भमा हराउने थिए।


नेपालको प्रसिद्धि तिब्बत र चीनमा पुऱ्याई ती देशहरूसँग घनिष्ठता गराउने नेपाली राजकुमारी भृकुटी विषयमा जस्तै यी महान् कलाकार अरनिको विषयमा नेपालमा ऐतिहासिक सामग्री किन मौन भए भन्ने प्रश्नको चित्तबुझ्दो जवाफ खोज्ने बेला आएको छ। चीनमा पुगेर प्रसिद्धि कमाउने अरनिकोका विषयमा चर्चा गर्दा नेपाल भोट चीन सम्बन्धको पूर्वसन्दर्भलाई पृथक राख्न सकिँदैन।

नेपालको सम्बन्धमा उत्तरका मुलुक खासगरी भोट र चीनसँग घनिष्ठता ल्याउने सर्वाधिक महत्वपूर्ण भूमिका बौद्ध धर्मले निर्वाह गरेको सर्वविदित तथ्य हो। शान्तिभद्र, अनन्तश्री, जेत कर्ण, सुमन कीर्ति, शान्तिश्रीजस्ता बौद्ध धर्मका पण्डित नेपालबाटै भोट पुगेका थिए। यसैगरी पद्मसम्भव पनि नेपाल भएरै भोट पुगी मानसम्मान पाउन सफल भए।

यसैगरी नेवारी पण्डित महान् ज्ञानी (स्थानीयले दिएको नाम ग्रेटमर्सी तर खास नाम अज्ञात)ले त भोटबाट फर्कदा एक हजार औंस सुन दक्षिणा नै पाएका थिए। सातौं शताब्दीमा नै कुती र केरुङ मार्ग प्रचलनमा आएपछि चीनका भारत भ्रमण गर्ने तीर्थयात्री एवम् भिक्षुहरू नेपाल भएर नै जाने आउने गरेका दृष्टान्त पाइन्छन्। सोही शताब्दीमा नै नेपाली राजकुमारी भृकुटीले ल्हासामा झोकाङ मन्दिर निर्माण गराएकी थिइन्। उक्त मन्दिरको निर्माण नेपाली कालिगडहरूले गरेको अनुमान गरिएको छ। सोही समयदेखि नेपाली कालिगड, कलाकार, वास्तुकलाविद् जस्ता जनशक्तिको माग भोटमा हुने गरेको थियो। भोटमा रहेको प्रसिद्ध साक्या(स्याक्या) गुम्बाहरू बौद्ध धर्मालम्बीका लागि आकर्षणको केन्द्र थियो र नेपालका भिक्षु बाँडाहरूलाई उक्त गुम्बा गन्तव्यस्थल थियो।

तेह्रौं शताब्दीमा चीनलाई आफ्नो हातमा नचाउन सफल चङ्गेज खाँ समेत साक्या गुम्बा र सम्बन्धित धार्मिक मठबाट निकै प्रभावित भएका थिए। यिनै चङ्गेजका नाति कुब्लाई खाँ सर्वत्र दिग्विजय गरी शक्तिशाली बादशाह हुन पुगेका थिए। उनले साक्या गुम्बाका सङ्घनायक नाम गरेका व्यक्तिसँग बौद्ध धर्मदर्शनको दीक्षा लिए। यिनै कुब्लाई खाँको आदेशमा साक्या गुम्बाका प्रमुखले सोही स्थानमा सुवर्ण चैत्य निर्माण गर्न नेपालका राजालाई सयजना वास्तुकलाकार/शिल्पकार पठाइदिन अनुरोध गरे। सोहीअनुसार नेपालका मल्ल राजा जयभीम मल्ल (अनन्त मल्ल) ले कालिगडको एक टोली भोट पठाइदिए। यस टोलीको नेतृत्व अरनिकोले गरेका थिए।

अरनिकोले नेपालमा छँदा नै वास्तुकलाका विविध पक्षमा दक्षता हासिल गरिसकेका थिए भन्ने अनुमान हुन्छ। नेपालबाट जाने सबै कालिगडहरू नेवार समुदायकै बौद्धमार्गी भएको अनुमान गर्न सकिन्छ। यी



नेपाली कलाकारहरू नेपालको कुन स्थानबाट कुन कुन सर्तमा केकसरी गए भन्ने कुनै ऐतिहासिक दस्तावेज उपलब्ध छैन। नेपाली कलाकारहरू अरनिकोको निर्देशनमा साक्या गुम्बाको सुवर्ण चैत्य निर्माण गरी सुनका मसीले कंग्युर र तंग्युरजस्ता बौद्धधर्म कृतिहरू उतार गरी शाक्यमुनि बुद्धको सुवर्ण मूर्ति, सुवर्ण चैत्य र अनेकौं बौद्ध मूर्ति बनाएको चर्चा सत्यमोहन जोशीले गरेका छन्, यो समय सन् १२६० आसपासको थियो।

अरनिकोको प्रतिभा, कार्यदक्षता तथा सीपबाट साक्या गुम्बाका सङ्घनायक पाहसपाले उनलाई कुब्लाई खाँको दरबार पेचिङ लिएर गए। अरनिकोका अतिरिक्त कतिजना कलाकार तिब्बत गएका थिए भन्ने कुराको तथ्य उपलब्ध छैन। सङ्घनायकद्वारा अरनिकोको प्रतिभा र अभूतपूर्व कलाकारिताको प्रशंसा सुनेका सम्राट कुब्लाई खाँ अरनिकोबाट प्रभावित भए। उनले बिग्रेर थन्किएको एउटा ढलोटको मूर्ति मर्मत गर्ने आदेश दिए।

अरनिकोले तत्परताका साथ आफूलाई प्रदान गरिएको दायित्व पूरा गरी ढलोटको मूर्तिलाई मर्मत गरी आफ्नो सीप र दक्षताको परिचय दिए। यस कार्यबाट बादसाह प्रसन्न भई बेइजिङको श्वेत चैत्य महानिर्माण गर्ने दायित्व प्रदान गरे। अरनिकोकै नेतृत्वमा सन् १२७१ मा कार्य प्रारम्भ गरी आठ वर्ष लगाएर सो योजना पूरा भयो। यसपछि अर्को आठ वर्ष लगाएर उक्त चैत्यको परिसरमा नै एक बौद्ध विहार निर्माण गरे। यसपछि अरनिकोले चीनका अन्य प्रान्तमा पनि बौद्ध मूर्ति एवं कलाकृतिबाट सजिएका बौद्ध विहार बनाएका थिए। उक्त समयसम्म अरनिकोले धेरै चिनियाँहरूलाई ढलोटकलामा दक्ष कालीगण बनाइसकेका थिए। कुब्लाई खाँले अरनिकोको कौशल र सीपको सम्मान गर्दै वास्तुकला प्रमुखमा नियुक्त गरे।

उनले चिनियाँ युवतीसँग विवाह गरेर चिनको राजधानीमा घरजम गरी बस्न थाले। त्यहाँको सरकारी सेवामा कार्यरत रहँदाको अवस्थामा नै ६२-६३ वर्षको उमेरमा उनको देहान्त भयो। त्यस बेलासम्म उनका छोराहरू पनि बाबुको काँध थाप्न सक्ने हैसियतमा पुगिसकेका थिए। भनिन्छ, अरनिकोपश्चात् उनैका छोराहरू वास्तुकला विभागमा कार्यरत रहे।

अरनिको केवल वास्तुकलाविद् मात्र थिएनन्, उनी त एक कुशल चित्रकार पनि थिए। उनले बनाएको कुब्लाई खाँको मुहारचित्र र साम्राज्ञीको छविचित्र ताइवानको ताइपे सङ्ग्रहालयमा सुरक्षित रहेको तथ्य मीनबहादुर शाक्यले पत्ता लगाई सोको छायाप्रति पनि उपलब्ध गराए। जुन नेपाल आर्ट काउन्सिल बबरमहल ग्यालरीमा सजाइएको छ। अरनिकोको मृत्युपश्चात् चिनियाँ सम्राटले उनलाई मरणोपरान्त प्रदान गरिने विशेष सम्मान 'मिङ हुई' सम्मानबाट श्रद्धाञ्जली दिएका थिए। आजसम्म चीनमा उनका कलाकृतिहरू देख्न सकिन्छ। बेइजिङमा उनको समाधिस्थलमा सन् १३११ मा खडा गरिएको कीर्तिस्तम्भ नै उनको जीवनी र कार्यका विषयमा जानकारी दिने एक भरपर्दो स्रोत हो।

अरनिकोका विषयमा नेपाली स्रोत मौन रहँदा कतिपय प्रश्न हालसम्म अनुत्तरित नै छन्। सही उत्तर पाउन पनि मुस्किल नै होला। अरनिकोको खास नाम के थियो भन्ने विषयमा पनि अलमल छ, कसैले अनिको वा अरनिक भनेका छन त कसैले उनको नाम चिनियाँ भाषामा उच्चारण गर्दा अरनिको भएको चर्चा गरेका छन्। बाबुराम आचार्यले उनको नाम बलबाहु भएको जनाएका छन्। उनको जन्म कहिले भएको हो र सन् १२४४ मा भोट जाँदा उनी कति वर्षका थिए भन्ने पनि यकिन हुन सकेको छैन।

चीनमा रहँदा अरनिकोले धेरै जनासँग विवाह गरेका थिए। उनले कति श्रीमतीलाई त पारपाचुके पनि दिएका थिए भन्ने कथन पनि छ। मृत्युकालीन समयमा उनका नेपाली श्रीमतीबाहेक दुई मङ्गोलियन र सात चिनियाँ श्रीमती रहेको उल्लेख पाइन्छ। उनले नेपालबाट श्रीमती लिएर भोट जान सम्भव देखिँदैन किनकि भोट जाने कसैले पनि श्रीमती लिएर गएको प्रमाण भेटिँदैन।

उनका छोराछोरी चीनमै बसोबास गरेका र नेपालसँग कुनै सम्पर्क नभएको अनुमान हुन्छ। अरनिकोले देहत्याग गरेका थिए भन्नेसम्मका टिप्पणी पनि गरिएको पाइन्छ। उनी नेपालको कुन ठाउँबाट गएका हुन् भन्ने यकिन हुन सकेको छैन ललितपुरमा कालीगडी कलाकारहरूको बाहुल्य रहेकाले सोही ठाउँबाट उनी भोट गएको अनुमान बाबुराम आचार्यले गरेको हुनसक्छ। भोट तथा चीनमा प्रसिद्धि कमाएका नेपाली कलाकार अरनिकोका विषयमा नेपालम कुनै ऐतिहासिक प्रमाण नपाइनु साँच्चीकै खड्किने विषय हो। चिनियाँ स्रोतले प्रवाह गरेको सूचनाको आधारमा उनको योगदानको चर्चा गरिएको धेरैपछि मात्र नेपालमा अरनिकोको विषयमा चर्चा परिचर्चाहरू हुन थालेको हो।

जे होस् अरनिकोलाई राष्ट्रिय विभूतिको सम्मान दिनु, उनकै नामबाट कोदारी राजमार्गको नामकरण हुनु, उनको नाममा हुलाक टिकट प्रकाशन हुनु तथा पाटनमा उनको पूर्णकदको सालिक निर्माण हुनु निश्चय नै इतिहासलाई सम्मान दिने कार्य हुन्। अरनिको नेपाल-चीन सम्बन्धलाई उचाइमा पुऱ्याउने धर्तीपुत्र हुनुका साथै चीनमा सबैभन्दा ठूलो सम्मान, पद र प्रतिष्ठा पाउने पहिलो नेपाली पनि हुन्। नेपालको वास्तुकला विश्वको रङ्गमञ्चमा फैलाउने कला सारथिका रूपमा प्रतिष्ठाप्राप्त व्यक्ति हुन् यस्ता महान् विभूतिको स्मृति जयन्ती मनाइरहँदा सबै नेपाली सम्मानित भएका छन्। चीनको पहिलो सांस्कृतिक दूत अरनिकोप्रति हार्दिक श्रद्धाञ्जलि!

# अबको निर्वाचन महत्वपूर्ण छः उपेन्द्र यादव



देवदह । जनता समाजवादी पार्टी (जसपा), नेपालका अध्यक्ष उपेन्द्र यादवले आगामी फागुन २१ गते हुने निर्वाचन महत्वपूर्ण रहेको बताउनुभएको छ । उहाँले संविधान संशोधन तथा पुनर्लेखन, सङ्घीयतालाई मजबुत बनाउन तथा आमनागरिकलाई न्याय दिलाउन अबको निर्वाचनमा जसपा नेपाललाई जिताएर सरकार बनाउनुपर्नेमा जोड दिनुभयो ।

पार्टीको लुम्बिनी प्रदेश समितिले बुधबार रूपन्देहीको रोहिणी गाउँपालिका-३ स्थित धकधइमा आयोजना गरेको जनसभामा अध्यक्ष यादवले संविधानमा सबैको अपनत्व हुनेगरी परिमार्जन आवश्यक रहेको बताउनुभयो । "जनसंख्याका आधारमा भागेदारी चाहिन्छ, हरेक जातजाति, धर्म तथा सम्प्रदायले अपनत्व गर्ने संविधान आवश्यक छ", उहाँले भन्नुभयो ।

उहाँले सङ्घीयतालाई बलियो बनाउनप्रदेशलाईअधिकारसम्पन्न बनाउन आवश्यक रहेकामा जोड दिनुभयो ।जेनजी आन्दोलनपछि भएको सम्झौता कार्यान्वयन नगर्ने षडयन्त्र भइरहेको भन्दै सम्झौता लागू गर्न उहाँले आग्रह गर्नुभयो ।"अहिलेको संसदीय व्यवस्था प्रणाली असफल भइसकेको छ, त्यसले मुलुकमा जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली आवश्यक छ", उहाँले भन्नुभयो ।

पूर्वउपप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष यादवले अहिलेको निर्वाचन प्रणाली महङ्गो भएकाले पार्टी र उम्मेदवारले खर्च गर्न नपर्नेगरी नेपालमा समानुपातिक निर्वाचन प्रणाली आवश्यक रहेकामा जोड दिनुभयो ।रासस

# उम्मेदवारीको मनोनयन दर्ता

सुदूरपश्चिम । राष्ट्रियसभा सदस्य निर्वाचनका लागि सुदूरपश्चिम प्रदेशबाट बुधबार चार जनाले आ-आफ्नो उम्मेदवारीको मनोनयन पत्र दर्ता गराउनुभएको छ ।

धनगढीस्थित प्रदेश निर्वाचन कार्यालयमा स्थापना गरिएको निर्वाचन अधिकृतको कार्यालयमा पुगेर प्रत्यासीहरूले मनोनयन दर्ता गराउनुभएको हो । प्रदेशबाट रिक्त हुन लागेको राष्ट्रियसभा सदस्यको एक पुरुषको कोटा( अन्य समूह) तर्फ नेपाली कांग्रेसका खम्महादुर खाती र नेपाली कम्युनिष्ट पार्टीका टीकाराम जैशीले मनोनयन दर्ता गराउनुभएको निर्वाचन अधिकृतको कार्यालयका प्रेमराज भट्टले जानकारी दिनुभयो ।

यस्तै, रिक्त हुन लागेको एक महिला कोटाका लागि नेकपा(एमाले)की लीलाकुमारी भण्डारी र नेपाली कम्युनिष्ट पार्टीकी रोजी बस्नेतले उम्मेदवारीको मनोनयन दर्ता गराउनुभएको छ । नेपाली कांग्रेस र नेकपा एमालेले संयुक्त रुपमा र नेपाली कम्युनिष्ट पार्टीले एकल रुपमा उम्मेदवारीको मनोनयन दर्ता गराएको हो ।

यो प्रदेशबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने दुई सदस्य (एक महिला एक पुरुष)को पदावधि सकिन लागेको छ । यही पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने र उम्मेदवारको अन्तिम नामावली प्रकाश गर्ने, पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र माघ ११ गते मतदान गर्ने निर्वाचन कार्यतालिका छ ।



राष्ट्रियसभा सदस्य पदको निर्वाचनमा प्रदेशसभाका सदस्य र पालिका तहका प्रमुख/उपप्रमुख र अध्यक्ष/उपाध्यक्ष मतदाता रहने कानुनी व्यवस्था छ । यो निर्वाचनका लागि ५२ प्रदेशसभा सदस्य मतदाता छन् । प्रदेशसभाका एक सदस्य निलम्वनमा छन् । यस्तै, प्रदेशका सबै ८८ पालिका तहका प्रमुख/उप्रमुख र अध्यक्ष/उपाध्यक्ष गरी १७५ मतदाता छन् । पालिका तहका एक मतदाता पनि निलम्वनमा छन् ।

### जनमोर्चाको उम्मेदवारी दर्ता

आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि लुम्बिनी प्रदेशबाट राष्ट्रिय जनमोर्चाले उम्मेदवारी दर्ता गरेको छ । सो पार्टीबाट प्युठानका बोमबहादुर खत्री र पद्मा पण्डितले उम्मेदवारी दर्ता गराउनुभएको छ ।

प्युठानको मल्लरानी गाउँपालिका-२ का खत्रीले 'अन्य' र प्युठान नगरपालिका-८ का पद्मा पण्डितले 'महिला' क्लस्टरमा उम्मेदवारी दर्ता गराउनुभएको हो । खत्रीको प्रस्तावकमा मल्लरानी गाउँपालिका अध्यक्ष कृष्णबहादुर खड्का र समर्थकमा ऐरावती गाउँपालिका उपाध्यक्ष कृष्णप्रसाद श्रेष्ठ रहनुभएको छ । पण्डितको प्रस्तावकमा भूमिकास्थान नगरपालिका प्रमुख झविलाल थापा र समर्थकमा स्वर्गद्वारी नगरपालिका उपप्रमुख मीनराज रानामगर रहनुभएको छ ।

### कर्णालीमा चार जनाको मनोनयन दर्ता

आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्यको निर्वाचनका लागि कर्णालीबाट चार जना उम्मेदवारहरूले मनोनयन दर्ता गरेका छन् ।

कर्णालीमा रिक्त रहेको अन्य र महिला कलस्टरमा चार जनाको उम्मेदवारी परेको हो । अन्य कलस्टरमा नेपाली कम्युनिष्ट पार्टीबाट रुकुम-पश्चिमका बुद्धिप्रसाद शर्मा र नेपाली कांग्रेसबाट जुम्लाका ललितजङ्ग शाहीले मनोनयन दर्ता गरेको कर्णाली प्रदेश निर्वाचन कार्यालय सुर्खेतका सूचना अधिकारी नन्दराम चौलागाईंले जानकारी दिनुभयो ।

त्यसैगरी, महिला क्लस्टरमा नेपाली कम्युनिष्ट पार्टीबाट डोल्पा निवासी अञ्जु महतारा र नेकपा एमालेबाट दैलेख निवासी मिनासिंह रखालले राष्ट्रियसभा सदस्यको मनोनयन दर्ता गरेको सूचना अधिकारी चौलागाईंले बताउनुभयो ।

### छ जनाको मनोनयन दर्ता

गण्डकी प्रदेशमा दुई जना राष्ट्रियसभा सदस्यका लागि छ जनाले उम्मेदवारको मनोनयनपत्र दर्ता गरेका छन् । गण्डकी प्रदेशबाट रिक्त दुई राष्ट्रियसभा सदस्य मध्ये एक जना महिला र अर्को अन्य समूहका लागि मनोनयन दर्ता गरिएको हो ।

राष्ट्रियसभाको निर्वाचनका लागि नेपाली कांग्रेस र नेकपा एमालेले मिलेर उम्मेदवारी दिएका छन् । जसमध्ये महिलाबाट नेकपा एमालेकी सम्झना देवकोटा (गोरखा)को उम्मेदवारी परेको छ भने अन्यबाट नेपाली कांग्रेसका जगत् तिमल्सिना (तनहुँ)को उम्मेदवारी परेको छ ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे, नेकपा एमालेका सचिव खगराज अधिकारीसहितको टोलीले निर्वाचन अधिकृतको कार्यालय पुगेर उम्मेदवारी दर्ता गराएका हुन् ।

त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट कपिल लामा(मनाङ) र गोमा घिमिरे लुइँटेल (कास्की)को उम्मेदवारी परेको छ भने राष्ट्रिय जनमोर्चाकातर्फबाट लक्ष्मी बास्कोटा (बागलुङ), शङ्कर बराल (कास्की)को उम्मेदवारी परेको छ ।

गण्डकी प्रदेशमा ५९ प्रदेशसभा सदस्य र ८५ स्थानीय तहका प्रमुख, उपप्रमुख गरी २२९ मतदाता छन् । एक प्रदेशसभा सदस्यको ५३ र स्थानीय तहका प्रमुख तथा उपप्रमुखको १९ मतभार तोकिँदा गण्डकीमा कूल मतभार छ हजार ३५७ छ ।

यसअघि गण्डकीबाट राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने नेकपा (एमाले)का भगवती न्यौपाने र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का नारायणकाजी श्रेष्ठको कार्यकाल सकिन लागेकाले निर्वाचन हुन लागेको हो । न्यौपाने महिला समूहबाट र श्रेष्ठ अन्यबाट निर्वाचित बन्नुभएकाले सोही समूहबाट नयाँ उम्मेदवारी दर्ता गरिएको हो । राष्ट्रियसभा सदस्य निर्वाचन ऐनअनुसार पद रिक्त हुनुभन्दा ३५ दिनअगावै निर्वाचन हुनुपर्ने व्यवस्था छ ।

गण्डकी प्रदेशमा प्रदेशसभाका ५९ सदस्यको मतभार तीन हजार १२७ र स्थानीय तहका प्रतिनिधिको तीन हजार २३० गरी कूल मतभार छ हजार ३५७ रहेको छ । गण्डकीको ६० सदस्यीय प्रदेशसभामा एक सदस्य रिक्त छ । रासस

# सञ्चारमन्त्री खरेलद्वारा जिम्मेवार र जवाफदेही पत्रकारिता गर्न अनुरोध

भक्तपुर । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जिम्मेवार र जवाफदेही पत्रकारिता गर्न सञ्चारकर्मीहरूसँग अनुरोध गर्नुभएको छ ।

नेपाल पत्रकार महासङ्घ भक्तपुर जिल्ला शाखाको २९औं स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रमको उद्घाटन गर्दै सञ्चारमन्त्री खरेलले सत्यतथ्यभन्दा बाहिर गई गैरजिम्मेवार ढङ्गबाट आफूखुसी समाचार सम्प्रेषण हुन थालेकामा चिन्ता व्यक्त गर्नुभयो ।

आगामी फागुन २१ गते हुने निर्वाचनमा उम्मेदवारी दिने या नदिनेबारेमा आफूले कुनै पनि निर्णय नलिएको अवस्थामा सम्प्रेषित समाचारका विषयमा आश्चर्य प्रकट गर्दै उहाँले विश्वसनीयता कायम गर्नेतर्फ आमसञ्चारमाध्यमको ध्यान जान आवश्यक छ भन्नुभयो ।

सञ्चारमन्त्री निर्वाचनमा उठ्न लागेको भन्ने सन्दर्भमा स्पष्ट पार्दै उहाँले भन्नुभयो, "चुनावमा उठ्ने रे भन्ने कुराहरु पनि आयो, फलानो पार्टीबाट उठ्ने कि, यो पार्टीबाट उठ्न रे, यो क्षेत्रबाट उठ्ने रे, त्यो क्षेत्रबाट उठ्ने रे भन्ने पनि आयो, तर म यो स्पष्ट पार्न चाहन्छु कि मैले अहिलेसम्म चुनावमा उठ्ने या नउठ्ने भन्ने केही पनि निर्णय गरेको छैन । आजको दिनसम्म कुनै पनि पार्टीमा प्रवेश गरेको छैन, पार्टीमा गएको छैन, वार्ता र छलफल गरेको छैन, आउँछु भनको छैन, जान्छु भनेको छैन, मैले केही भनेको छैन ।"

प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारको प्रवक्तासमेतका हैसियतले आमजनताको उल्लेखनीय सहभागितामा सफलतापूर्वक चुनाव सम्पन्न गर्न अहोरात्र खटिरहेको अवस्थामा आफूले निर्णय नगरेको विषयमा यसरी समाचार सम्प्रेषण हुँदा दुःख लागेको उहाँले बताउनुभयो । सञ्चारमन्त्री खरेलले सत्यतथ्यसहित विश्वसनीय,




सन्तुलन र निष्पक्षरुपमा समाचार सम्प्रेषण गर्न आमसञ्चारकर्मीसँग अनुरोध गर्नुभयो ।

मन्त्री खरेलले चुनाव नजिकिँदै गरेको अवस्थामा मतदाता शिक्षालाई प्रभावकारी बनाउने, निष्पक्ष, धाँधलीरहित र स्वतन्त्र ढङ्गबाट निर्वाचन सम्पन्न गर्ने, सही उम्मेदवार छनोट गरी बदर नहुने तरिकाले मतदान गर्नेजस्ता विषयलाई प्राथमिकता दिई समाचार सम्प्रेषण गर्न आमसञ्चाकर्मीको ध्यानाकर्षण गर्नुभयो ।

उहाँले भन्नुभयो, "देश किन बन्न सकेन, कसका कारण बन्न सकेन, कति वटा व्यवस्था परिवर्तन भए, पञ्चायत आयो, प्रजातन्त्र आयो, लोकतन्त्र आयो, गणतन्त्र आयो, सबै व्यवस्था परिवर्तन भए, कैयौँ व्यक्तिहरु शासन व्यवस्थामा आए, सरकार चलाए, प्रधानमन्त्री-मन्त्री बने, तर देश किन बनेन, जनताको अवस्था किन सुध्रेन, किन जेनजी जनआन्दोलन हुनुपर्यो, दर्जनौँले बलदानी दिनुपर्यो भन्नेबारेमा जिम्मेवार समाचार माध्यमले समाचार ल्याउनुपर्छ, तर त्यसो हुन सकिरहेको छैन ।""मलुकले परिवर्तन खोजेको छ, परिवर्तनका लागि अब फेरि रगत बग्न हुँदैन, जेनजी दाजुभाइ, दिदी बहिनीहरु मर्नुपर्ने दिन फेरि आउनुहुँदैन, फेरि बलिदानी दिनुपर्ने अवस्था आउनुहुँदैन, अहिलेका विषम परिस्थितमा सबै पक्ष जिम्मेवार बनी आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचन सदुपयोग गरौँ ।" उहाँले भन्नुभयो ।

नेपालमा मिडिया धेरै भएकाले व्यवसायीकरणतर्फ जान नसकेको प्रसङ्ग उल्लेख गर्दै सञ्चारमन्त्री खरेलले भन्नुभयो, "हाम्रो देशमा करिब १३ हजार पत्रकार छन्, १३ हजार वटै सञ्चारमाध्यम, त्योभन्दा बढी होला, कसरी धान्या होला, कसलाई पत्याउने हो, कसलाई मान्ने हो, देशमा १३ हजार मिडिया आवश्यक हो कि होइन, धान्न सकिन्छ कि सकिँदैन, यी सञ्चारमाध्यमलाई कसरी बचाइराख्ने हो, यसतर्फ हामी सबै गम्भीर हुन आवश्यक छ ।"

मिडियाका कारण मानिसहरु 'मिस इन्फरमेशन', 'डिस इन्फरमेशन' र 'फेक न्यूज'को शिकार हुनेगरेको चर्चा गर्दै उहाँले यसलाई कसरी निरुत्साहित गर्ने र कसरी पत्रकारितामा व्यावसायिकता ल्याउने भन्नेबारेमा सोच्नुपर्ने समय आएको उहाँको भनाइ थियो ।

कार्यक्रममा राष्ट्रिय समाचार समितिका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई फरक ढङ्गले बुझ्नुपर्ने धारणा व्यक्त गर्दै सत्यतथ्य, निष्पक्ष र सन्तुलित समाचार सम्प्रेषण गरी मुलुकलाई सही बाटोमा अघि बढाउने जिम्मेवारीमा रहेका हामी आमसञ्चारकर्मीबाट सोहीअनुसारको भूमिका निर्वाह हुनुपर्नेमा जोड दिनुभयो ।बागमती प्रदेशका संस्कृति तथा पर्यटनमन्त्री सुरेश श्रेष्ठले सत्यतथ्यलाई उपेक्षा गरी लोकप्रिय पत्रकारिताका कारण पछिल्ला दिनमा समस्या सिर्जना भएको उल्लेख गर्दै जिम्मेवार, जवाफदेही पत्रकारिता गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा भक्तपुरका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, नेपाल पत्रकार महासङ्घका केन्द्रीय उपाध्यक्ष उम्मिद वागचन, मध्यपुरथिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, नेपाल पत्रकार महासङ्घ उपत्यका प्रदेश अध्यक्ष टेनिश रेक्का, महासङ्घका काठमाडौँ अध्यक्ष शोभा अर्याल, ललितपुर अध्यक्ष रामहरि कार्की, वरिष्ठ पत्रकार कबिर राणा, महासङ्घ भक्तपुर शाखाको अध्यक्ष सुन्दर शिल्पकार र पूर्वअध्यक्ष नारायणसुन्दर किलम्बु, सम्मानित पत्रकार पेशल आचार्यलगायतका वक्ताहरूले पत्रकार हकहितका बारेमा धारणा व्यक्त गर्दै जिम्मेवार र जवाफदेही पत्रकारितमा जोड दिनुभयो ।

सो अवसरमा पत्रकार पेशल आचार्यलाई स्व भगवानदास-राजकुमार महर्जन स्मृति पत्रकारिता पुरस्कार, लीला श्रेष्ठलाई क्रियासिल महिला पत्रकारिता पुरस्कार र विनोद कोजूलाई स्व मैयादेवी शिल्पकार स्मृति पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो ।रासस

# मधेशमा शान्ति कायम गर्न गृहमन्त्रीको सक्रियता : मधेशी र मुस्लिम आयोगका पदाधिकारीसँग छलफल

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले ललितपुर स्थित मधेशी आयोग र मुस्लिम आयोगमा पुगि पदाधिकारीहरूसँग छलफल गर्नुभएको छ । ललितपुर जावलाखेलमा रहेको मुस्लिम आयोगमा आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलि तथा आयोगका अन्य पदाधिकारीहरूले र मधेशी आयोग ज्वागलमा आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह तथा आयोगका अन्य पदाधिकारीहरूसँग उहाँले बुधबार समसामयिक विषयमा छलफल गर्नुभएको हो ।

पछिल्ला दिनमा तराई मधेशका केही जिल्लामा देखिएका साम्प्रदायिक असहिष्णुताका घटनाक्रमबारे छलफल केन्द्रित रहेको गृहमन्त्रीको सचिवालयले जनाएको छ । त्यस्तै मन्त्री अर्यालले संवैधानिक निकायको काम, कर्तव्य, अधिकार, आयोगले भोगीरहेका समस्या तथा सरकारसँग आयोगका अपेक्षालगायत विषयमा पनि आयोगका पदाधिकारीहरूसँग विचारविमर्श गर्नुभएको थियो ।

छलफलको क्रममा मन्त्री अर्यालले धार्मिक सम्प्रदायबीच आपसी सद्भाव कायम गर्न मधेशी, थारु र मुस्लिम आयोगबाट जारी भएको संयुक्त अपिलको खुलेर प्रशंसा गर्नुभयो । नागरिक समाजको रूपमा रहेका आयोगहरू तथा सबैको सहयोगमा पछिल्ला दिनमा देखिएका त्यस्ता समस्याहरू समाधान उन्मुख भएको भन्दै मन्त्री अर्यालले



त्यस्ता घटना दोहोरिन नदिन तथा समाजमा शान्ति तथा सद्भाव कायम राख्ने सम्बन्धमा सबैको सकारात्मक भूमिकको अपेक्षा राख्नुभएको थियो ।

त्यस्तै पछिल्ला घटनाक्रमलाई समयमै सम्बोधन गरी सामाजिक सद्भाव कायम राख्ने सम्बन्धमा गृह मन्त्रालयले सक्रियता देखाई अवैध गतिविधिमा संलग्नलाई कारबाही, सरोकारवालासँग समन्वय बैठक, सद्भाव र्‍याली, चेकजाँच कडाइ र शान्ति तथा सामाजिक सद्भाव समिति गठनलगायत कार्यहरू गर्न गृह मन्त्रालयद्वारा ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई जारी गरीएको सर्कुलरको आयोगका पदाधिकारीहरूले स्वागत गर्नुभयो ।

गृहमन्त्री अर्यालले आयोगलाई आवश्यक सहयोग गर्न सरकार सधैँ तत्पर रहेको विश्वास दिलाउँदै कतिपय विषयहरूमा आयोगका तर्फबाट आवश्यकताअनुसार नेपाल सरकारलाई ध्यानाकर्षण तथा सल्लाह, सुझावको अपेक्षा समेत राख्नुभयो ।

धार्मिक तथा सामाजिक सहिष्णुता खल्बल्याउन खोज्ने वा खल्बल्याउने जोसुकै उपर कानुन बमोजिम कारवाही हुने बताउँदै मन्त्री अर्यालले विवेकको संरक्षकको रूपमा रहेका आयोगहरूले धार्मिक तथा सामाजिक सहिष्णुता कायम राख्ने सन्दर्भमा जनचेतना फैलाउनेलगायत कार्यहरू गरी यस्ता समस्याको दीर्घकालिन समाधानको लागि आयोगको तर्फबाट आवश्यक कार्यक्रमहरू गर्न अनुरोध समेत गर्नुभयो ।

छलफलको क्रममा मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साहले मधेशी आयोग कुनै धर्म विशेषको भन्दा पनि समग्र मधेशी समुदायको आयोग रहेको बताउनुभयो । त्यस्तै मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलिले समाजमा धार्मिक, सामाजिक सद्भाव कायम गर्ने सम्बन्धमा आयोगले सधैँ आवश्यक सकारात्मक भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# कांग्रेसका सभापति देउवा र राप्रपाका अध्यक्ष लिङ्देनबीच भेटवार्ता

काठमाण्डु । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देनबीच बुधबार भेटवार्ता भएको छ ।

राप्रपाद्वारा यही पुस २७ गते पृथ्वीजयन्तीका अवसरमा आयोजित चियापानको निम्तो दिन अध्यक्ष लिङ्देन देउवा निवास पुग्नुभएको हो । सभापति देउवाले कार्यक्रममा सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको राप्रपाका प्रवक्ता मोहन श्रेष्ठले जानकारी दिनुभयो ।

सो अवसरमा दुई पार्टीका अध्यक्षबीच आसन्न चुनाव तथा



निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउन आवश्यक पूर्वाधार विकास गर्नुपर्ने विषयमा छलफल भएको उहाँले जानकारी दिनुभयो ।मुलुकको राजनीतिक स्थिरता, समसामयिक राजनीतिक परिस्थिति, राष्ट्रिय तथा अन्तरराष्ट्रिय अवस्थाबारे छलफल भएको जनाइएको छ । राप्रपाले सोही दिन भृकुटीमण्डपमा गर्ने कार्यक्रमका लागि विभिन्न पार्टी नेता तथा कूटनीतिक नियोगका प्रतिनिधिलाई निमन्त्रणा गरेको छ ।रासस

# विशेष महाधिवेशन पक्षधरले आगामी आइतबार महाधिवेशन गर्ने

काठमाण्डु । नेपाली कांग्रेसका विशेष महाधिवेशन मागकर्ता प्रतिनिधिहरूले पार्टी विधानअनुसार विशेष महाधिवेशन आह्वान गर्नुभएको छ ।

विशेष महाधिवेशन मागकर्ता नेताहरुले बुधबार पत्रकार सम्मेलन गरी पार्टीको विधानअनुसार यही पुस २७ र २८ गते यहाँ विशेष केन्द्रीय महाधिवेशन आह्वान गरिएको बताउनुभयो ।वर्तमान विषम राजनीतिक परिस्थितिमा कांग्रेसलाई सुदृढ, गतिशील र जनभावनाअनुकूल बनाउन तथा समसामयिक नीति निर्माणसहित पार्टीको पुनर्निर्माण गर्न विशेष महाधिवेशन अपरिहार्य भएको उहाँहरुको ठहर छ ।

पार्टी विधानको धारा १७ को उपधारा (२) बमोजिम कूल




महाधिवेशन प्रतिनिधिमध्ये ५४.५८ प्रतिशतअर्थात् २,४८८ जनाले गत असोज २९ गते केन्द्रीय कार्यालयमा विशेष महाधिवेशनको मागसहित निवेदन दर्ता गराएका थिए ।विधानको धारा १७(१) अनुसार गत मङ्सिरभित्र १५औं महाधिवेशन सम्पन्न हुनुपर्ने स्पष्ट उल्लेख गरेको भए पनि तोकिएको समयमा महाधिवेशन सम्पन्न हुन नसकेको उहाँहरुको भनाइ छ ।

पार्टी विधानको धारा १७(२) मा केन्द्रीय महाधिवेशनका ४० प्रतिशत सदस्यले लिखित अनुरोध गरेमा तीन महिनाभित्र विशेष केन्द्रीय महाधिवेशन बोलाउनुपर्ने व्यवस्था छ । पत्रकार सम्मेलनमा केन्द्रीय सदस्यहरु अजयबाबु शिवाकोटी, प्रतिमा गौतम र प्रकाश स्नेही तथा देवराज चालिसे, जगदीशनरसिंह केसी, सुवास पोखरेल, मनोजमणि आचार्य, माधवप्रसाद चाम्लागाईलगायत नेताले विधानको त्यस्तो मागलाई असान्दर्भिक ठहर गर्ने अधिकार कसैलाई नभएको बताउनुभयो ।

साथै उहाँहरुले विशेष केन्द्रीय महाधिवेशनमा सम्पूर्ण केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूलाई सहभागिताका लागि आग्रह गर्नुभयो ।रासस

# भेनेजुएलापछि ट्रम्पले 'आँखा लगाउन सक्ने' पाँच देशहरू

बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पको दोस्रो कार्यकाल उनको विदेश नीतिको महत्त्वाकाङ्क्षाले परिभाषित गर्दै छ।उनले सबैभन्दा पहिले भेनेजुएलालाई धम्की दिए अनि त्यसपछि उच्च सुरक्षाभित्र रहेका राष्ट्रपति निकोलास मदुरो र उनकी श्रीमतीलाई राताराात कब्जा गरेर अमेरिका पुऱ्याए।



यो कारबाहीलाई ट्रम्पले अमेरिकाका तत्कालीन राष्ट्रपति जेम्स मुनरोले सन् १८२३ मा प्रतिपादन गरेको सिद्धान्तसँग जोडेर व्याख्या गरेका छन्। यसलाई पछिल्लो समय डोनल्ड ट्रम्पकै समेत नाम जोडेर 'डोन्रो डक्ट्रिन'का रूपमा समेत चर्चा गरिएको छ। वाशिङ्टनको नजरमा परेका अन्य देशहरूविरुद्ध उनले पछिल्ला दिनमा दिएका केही चेतावनी हेरौँ। डेन्मार्कको नियन्त्रणमा रहेको ग्रीनल्यान्डमा अमेरिकाको यसअघि नै पिटुफीक स्पेस बेस छ। तर ट्रम्प पूरै टापु आफ्नो बनाउन चाहन्छन्। "राष्ट्रिय सुरक्षाका दृष्टिकोणले पनि हामीलाई ग्रीनल्यान्ड चाहिन्छ", उनले पत्रकारहरूसँग भनेका छन्। उनका अनुसार यो क्षेत्र "जताजतै चिनियाँ र रुसी पानीजहाजले ढाकिएको छ।"

डेन्मार्कको भूभागअन्तर्गत पर्ने यो ध्रुवीय टापु अमेरिकाको उत्तरपूर्वी क्षेत्रमा देशको सीमाभन्दा ३,२०० किलोमिटर टाढा पर्छ।

यो टापुमा बहुमूल्य सुन र प्ल्याटिनमदेखि लिथिअम र टाइटानिअमसहितका आठ वटा दुर्लभ धातु अनि 'रेअर अर्थ एलिमन्ट' सूचीकृत छन्। रेअर अर्थ धातु स्मार्ट फोनदेखि विद्युतिय सवारीसाधन र सैन्य उपकरणको उत्पादनका लागि समेत अत्यावश्यक छन्। अहिले चीनले अमेरिकाको भन्दा निकै धेरै रेअर अर्थ खनिज उत्पादन गरिरहेको छ। ग्रीनल्यान्डले उत्तर एट्लान्टिक क्षेत्रको खास रणनीतिक भूभाग पनि ओगटेको छ। 'आर्क्टिक सर्कल'का लागि महत्त्वपूर्ण पहुँचका लागि पनि अमेरिकाका लागि यो ठाउँ खास छ।

आगामी वर्षहरूमा ध्रुवीय बरफ पग्लँदै जाँदा त्यो ठाउँबाट नयाँ जलमार्ग खुल्ने अपेक्षा पनि गरिएको छ। ग्रीनल्यान्डका प्रधानमन्त्री येन्स फ्रेड्रिक निल्सनले उक्त टापु आफ्नो नियन्त्रणमा लिने अमेरिकी प्रस्ताव "काल्पनिक" भएको टिप्पणी गरेका छन्। "दबाव चाहिँदैन। सङ्केतहरू चाहिँदैनन्। टुक्राउने कल्पना नगर। हामी वार्ताका लागि तयार र खुला छौँ। तर यो उचित बाटोबाट हुनुपर्छ र अन्तर्राष्ट्रिय कानुनको सम्मानसहित हुनुर्छ," उनले भने।

ग्रीनल्यान्डमा कोइला र युरेनिअमसहित ऊर्जा उत्पादनमा प्रयोग हुने तत्त्वहरू अनि हीरा र माणिकजस्ता बहुमूल्य पत्थरहरू पनि पाइन्छन्। यो क्षेत्र तेल र ग्यासको ठूलो भण्डार भएको पनि दाबी गरिएको छ। तर ती खानीहरू पहिचान हुन बाँकी छन्। भेनेजुएलामा कारबाहीपछि ट्रम्पले कोलम्बियाका राष्ट्रपति गुस्टाभो पेट्रोलाई चेतावनी दिएका छन्।

भेनेजुएलाको पश्चिमी छिमेकी कोलम्बिया पनि उल्लेख्य मात्रामा तेलको भण्डारण भएको देश हो। यो देश सुन, चाँदी, पन्ना, प्ल्याटिनम र कोइलाको पनि धनी देश हो । यो क्षेत्रको लागुऔषध कारोबारको केन्द्र पनि कोलम्बिया हो, विशेष गरी कोकेनका लागि । अमेरिकाले सेप्टेम्बरबाट क्यारिबीअन र पूर्वी प्रशान्त क्षेत्रमा कुनै पनि प्रमाणबिना लागुऔषध बोकेका डुङ्गाहरूमा आक्रमण सुरु गरेपछि कोलम्बियाका वामपन्थी राष्ट्रपतिसँग उनको विवाद बढ्दै गएको छ ।

अमेरिकाले लागुऔषध गिरोहलाई "फैलने" अवसर दिएको भन्दै पेट्रोमाथि गत अक्टोबरमा प्रतिबन्धहरू लगाएको थियो। आइतवार एअर फोर्समा उड्दै गर्दा ट्रम्पले भने,"कोलम्बिया एक जना बिरामी मान्छेले चलाइरहेका छन्। उनी कोकेन बनाएर अमेरिकामा बेच्न रुचाउँछन्। अब उनले धेरै लामो समय यो गरिरहन पाउँदैनन्", उनले भने । अमेरिकाले कोलम्बियालाई लक्षित गरेर आक्रमण गर्छ कि गर्दैन भनेर सोधिएको प्रश्नमा ट्रम्पले भने, "यो कुरा मलाई राम्रै लाग्यो ।"

ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने कोलम्बिया लागुऔषध नियन्त्रणको युद्धमा अमेरिकाको निकट सहयोगी देश हो। लागुऔषध गिरोह नियन्त्रणका लागि कोलम्बियाले अमेरिकाबाट वर्षेनि दशौँ लाख डलर सैन्य सहायता पाउँदै आएको छ। इरानमा अहिले ठूल्ठूला सरकारविरोधी प्रदर्शनहरू भइरहेका छन्। यदि थप प्रदर्शनकारीहरूको मृत्यु भए अधिकारीहरूले "नराम्रो परिणाम भोग्नुपर्ने" चेतावनी ट्रम्पले गत रात दिएका छन् ।

"हामीले निकै नजिकबाट नियालिरहेका छौँ। यदि विगतमा जस्तै मानिसहरू मार्न थाले भने उनीहरूले अमेरिकाबाट निकै नराम्रो परिणामको सामना गर्नुपर्ने हुनसक्छ," उनले एअर फोर्स वनमा पत्रकारहरूसँग कुरा गर्दै भने । सैद्धान्तिक रूपमा इरान 'डोन्रो डक्ट्रिन' भन्दा बाहिर पर्छ। यद्यपि ट्रम्पले यसअघि पनि इरानी सत्तालाई चेतावनी दिएका छन्। उनले गत वर्ष इरानका परमाणविक पूर्वाधारहरूमा आक्रमणपछि पनि त्यहाँको सत्तालाई चेतावनी दिएका थिए ।

इजरेलले इरानले विकास गर्ने पारमाणविक शक्ति निस्तेज पार्ने गरी ठूलो स्तरको आक्रमण गरेपछि अमेरिकाले थप आक्रमण गरेको थियो। त्यस बेला इजरेल र इरानबीच १२ दिन लामो द्वन्द्वसमेत भएको थियो। गत साता इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहू र ट्रम्पबीच मार-ए-लागोमा भएको भेटको प्रमुख विषय नै इरान भएको बताइएको छ। अमेरिकी सञ्चारमाध्यमले सन् २०२६ मा इरानमाथि सम्भावित आक्रमण हुन सक्ने उल्लेख गरेका छन्। सन् २०१६ मा मेक्सिकोसँगको सीमामा पर्खाल लगाउने चुनावी नाराकै कारण ट्रम्प राष्ट्रपति बनेका थिए।

सन् २०२५ मा पुनः राष्ट्रपतिको कार्यभार सम्हालेपछि उनले हस्ताक्षर गरेको पहिलो कार्यकारी आदेशमा गल्फ अफ मेक्सिकोलाई "गल्फ अफ अमेरिका" नामकरण गर्ने उल्लेख छ। उनले मेक्सिकोका अधिकारीहरूले अमेरिकामा गैरकानुनी आप्रवासी र लागुऔषधको प्रवाह रोक्न कुनै कदम नचालेको आरोप लगाएका छन् । आइतवार ट्रम्पले मेक्सिकोबाट लागुऔषध "थुप्रिएको" भन्दै आफूहरूले "केही न केही गर्नुपर्ने अवस्था आएको" बताएका थिए । उनले त्यहाँका तस्करहरूको गिरोह "धेरै बलियो" रहेको बताएका छन् ।

मेक्सिकोका राष्ट्रपति क्लाउडिआ शेइनबाअमले मेक्सिकोको भूमिमा अमेरिकी सैन्य कारबाहीको सार्वजनिक माध्यममै अस्वीकार गरेका छन्। फ्लोरिडाबाट जम्मा १४५ किलोमिटर मात्रै दक्षिणमा रहेको यो टापु सन् १९६०को दशकबाटै अमेरिकी प्रतिबन्धको सामना गरिरहेको छ । निकोलास मदुरोको भेनेजुएलासँग पनि क्यूबाको राम्रो सम्बन्ध छ । आइतवार ट्रम्पले क्यूबामा अमेरिकी सैन्य हस्तक्षेपको आवश्यकता नै नभएको बताए। उनका अनुसार क्युबाको सत्ता आफैं "ढल्ने तयारीमा छ ।" "हामीले कुनै कदम चाल्नुपर्छ जस्तो नै मलाई लाग्दैन,"उनले भने। "त्यो ढल्नै लागेको जस्तो देखिन्छ ।"

"थाहा छैन, उनीहरू रोक्न पनि सक्छन् तर क्यूबाको कुनै आम्दानी नै छैन," उनले थपे । "उनीहरूले सबै शक्ति नै भेनेजुएलाबाट आर्जन गरेका हुन्, भेनेजुएलाको तेलबाट।" क्यूबाकै आप्रवासीबाट जन्मिएका अमेरिकी विदेशमन्त्री मार्को रुबिओले लामो समयदेखि क्यूबामा सत्ता परिवर्तन हुनुपर्ने बताइरहेका छन्। शनिवार उनले भने, "राष्ट्रपतिको भनाइलाई गम्भीर रूपमा लिनुपर्छ ।" "यदि म हभानमा थिएँ र म सरकारमा थिएँ भने, म पक्कै चिन्तित हुने थिएँ, कम्तीमा अलिकति भए पनि," उनले भने ।

# एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको तयारी पूरा




पोखरा । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा हुन लागेको २२औं एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको सम्पूर्ण तयारी पूरा भएको छ।

नेपाली खेलकुदको सबैभन्दा ठूलो र प्रतिष्ठित अवार्ड कार्यक्रम काठमाडौं बाहिर हुन लागेको यो पहिलो पटक हो । अवार्डको पूर्वसन्ध्यामा मङ्गलबार स्पोर्टस समिटको आयोजना गरिएको थियो।मञ्चअन्तर्गतकोएनएसजेएफ एकेडेमीको आयोजनामा भएको त्यस कार्यक्रममा पोखरामा खेल पयर्टन र अर्थतन्त्रबारे छलफल भएको थियो ।

मञ्चका अध्यक्ष नीरञ्जन अधिकारीले कार्यक्रमलाई लिएर आफू धेरै उत्साहित रहेको बताउनुभयो । उहाले भन्नुभयो, "कार्यक्रमलाई लिएर चाहिने सबै तयारी पूरा भएको छ । अब हामी अवार्ड कार्यक्रमकै ब्यग्र प्रतीक्षामा छौँ । हामीलाई सुरुमा मोफसलमा अवार्ड कार्यक्रमको आयोजना गर्दा धेरै चुनौती सामना गर्नुपर्ने लागेको थियो । तर पोखरामा आएपछि हामीले चुनौतीभन्दा बढी अवसर देखेका छौँ । मलाई लाग्छ, अब पोखरा राष्ट्रिय र अन्तरराष्ट्रिय अवार्ड कार्यक्रमको गन्तव्य बन्ने छ ।"

मञ्चको पोखरा समन्वय शाखाका अध्यक्ष एमबी आस्था मगरले अवार्ड कार्यक्रमको आयोजनाले पोखरेली खेल इतिहासमा नयाँ अध्याय थपिएको बताउनुभयो । उहाले भन्नुभयो, "पोखरा सहर स्पोर्टस हबको रूपमा स्थापित हुँदै आएको छ। अब स्पोर्टस

> हामीलाई सुरुमा मोफसलमा अवार्ड कार्यक्रमको आयोजना गर्दा धेरै चुनौती सामना गर्नुपर्ने लागेको थियो । तर पोखरामा आएपछि हामीले चुनौतीभन्दा बढी अवसर देखेका छौँ । मलाई लाग्छ, अब पोखरा राष्ट्रिय र अन्तरराष्ट्रिय अवार्ड कार्यक्रमको गन्तव्य बन्ने छ ।"

अवार्डको सफल आयोजनाले पोखराको खेल क्षेत्र अझ विस्तृत र फराकिलो भएको छ।" अवार्डमा पोखरा महानगरपालिका प्रवर्द्धक रहेको छ।

अवार्डको मुख्य प्रायोजकमा गोल्छा ग्रुप छ। यस्तै पावर्ड बाईमा यति एयरलाइन्सले साथ दिएको छ । स्पोर्ट्स अवार्डको भोटिङ पार्टनरमा खल्ती र पोसाक पार्टनरमा केल्मी नेपाल रहेका छन् ।अवार्डमा यसपटक पनि १० विधामा अवार्ड प्रदान गरिनेछ। त्यसमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड, टिम अफ द इयर र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड रहेका छन् ।

पिपल्स च्वाइस अवार्डको मनोनयनमा रहेका खेलाडीमा उसुका विजय सिञ्जाली, टेबल टेनिसकी इभाना थापा, भलिबलका हिमाल सुनारी, क्रिकेटकी पूजा महतो र फुटबलकी रेखा पौडेल रहेका छन् । यसपटकको कार्यक्रम पोखराको सभागृहमा आयोजना भएकोछ ।रासस

## ट्रम्पको घोषणाः

# भेनेजुएलाबाट करोडौँ ब्यारेल तेल बजारमा

एपी

काराकास । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मङ्गलबार भेनेजुएलाले संयुक्त राज्य अमेरिकालाई तीन करोडदेखि पाँच करोड ब्यारेल कच्चा तेल उपलब्ध गराउने घोषणा गर्नुभएको छ । उहाँले उक्त तेल बिक्रीबाट प्राप्त हुने आम्दानी दुवै देशका ' जनताको हितमा' प्रयोग गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।



यसै सन्दर्भमा ह्वाइट हाउसले शुक्रबार अमेरिकी तेल कम्पनीका उच्च अधिकारीहरूसँग भेनेजुएलाको विषयमा छलफल गर्न बैठक आयोजना गर्ने जनाएको छ । ट्रम्प प्रशासनले भेनेजुएलाको विशाल तर समस्याग्रस्त तेल उद्योगलाई अमेरिकी लगानी र प्रविधिका लागि अझ खुला बनाउन दबाब दिइरहेको बताइएको छ । यस बैठकमा एक्सन, सेभरन र कोनोकोफिलिप्सका प्रतिनिधिहरू सहभागी हुने अपेक्षा गरिएको छ ।

यही दिन काराकासका अधिकारीहरूले कम्तीमा २४ जना भेनेजुएलाका सुरक्षा अधिकारीहरू राताराात मारिएको पुष्टि गरेका छन् । ती अधिकारीहरूलाई अमेरिकी पक्षले राष्ट्रपति निकोलस मदुरोलाई पक्राउ गरी संयुक्त राज्य अमेरिकामा लागुऔषधसम्बन्धी अभियोगको सामना गराउन सञ्चालन गरेको सैन्य अपरेसनका क्रममा मृत्यु भएको बताइएको छ। भेनेजुएलाकी कार्यवाहक राष्ट्रपति डेलसी रोड्रिगेजले ट्रम्पको चेतावनीप्रति कडा प्रतिक्रिया जनाउँदै आफूलाई धम्की दिनेहरूको भाग्य 'भगवानद्वारा निर्धारित हुने' बताउनुभयो ।

भेनेजुएलाका महान्यायाधिवक्ता तारिक विलियम साबले उक्त सैन्य कारबाहीमा दर्जनौं सुरक्षा अधिकारी र सर्वसाधारणको ज्यान गएको र यसलाई अभियोजकहरूले 'युद्ध अपराध' का रूपमा अनुसन्धान गरिरहेको जानकारी दिनुभयो । यसबीच क्युबाको सरकारले भेनेजुएलामा कार्यरत आफ्ना ३२ जना सेना र प्रहरी अधिकारीहरूको मृत्यु भएको पुष्टि गरेको छ। पेन्टागनका अनुसार उक्त छापामा सात जना अमेरिकी सैनिक घाइते भएका थिए, जसमध्ये पाँच जना ड्युटीमा फर्किसकेका छन् भने दुई जना उपचाररत छन् । घाइतेहरूमा गोली र विस्फोटका छर्राले लागेको चोट रहेको जनाइएको छ ।

तेल कारोबार हाल प्रतिब्यारेल करिब ५६ डलर रहेको अवस्थामा ट्रम्पले घोषणा गर्नुभएको सम्झौताको कुल मूल्य करिब दुई अर्ब ८० करोड डलर पुग्न सक्ने अनुमान गरिएको छ । यद्यपि भेनेजुएलामा विश्वकै सबैभन्दा ठूलो प्रमाणित कच्चा तेल भण्डार भए पनि देशको दैनिक उत्पादन करिब १० लाख ब्यारेलमा सीमित छ, जुन अमेरिकी उत्पादनको तुलनामा निकै कम हो ।

यसैबीच, ट्रम्पले भेनेजुएलामाथि गरिएको सैन्य अपरेसनको डेमोक्रेटिक आलोचनाको प्रतिवाद गर्दै यसलाई सही कदमको संज्ञा दिनुभएको छ । सन् २०२० मा मदुरोमाथि संयुक्त राज्य अमेरिकाले नार्को-आतङ्कवाद र अन्तर्राष्ट्रिय कोकेन तस्करीको अभियोग लगाएको थियो र उहाँको गिरफ्तारीका लागि पाँच करोड डलर पुरस्कार घोषणा गरिएको छ ।

अमेरिकामा गरिएको पछिल्लो जनमत सर्वेक्षणअनुसार मदुरोको गिरफ्तारीबारे अमेरिकीहरू विभाजित देखिएका छन् । करिब ४० प्रतिशतले अपरेसनको समर्थन गरेका छन् भने लगभग उस्तै प्रतिशतले विरोध जनाएका छन् । धेरैजसो अमेरिकीहरूले भने भेनेजुएलाका जनताले आफ्नो भविष्य आफैँ तय गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

मदुरोको गिरफ्तारीपछि ट्रम्प प्रशासनको कडा विदेश नीतिले विश्वभर चिन्ता बढाएको छ । यसै क्रममा ग्रिनल्यान्डको सार्वभौमसत्ता र कोलम्बियामाथि सम्भावित सैन्य कारबाहीबारे पनि अन्तर्राष्ट्रिय प्रतिक्रिया तीव्र बन्दै गएको छ । युरोपका प्रमुख मुलुकहरूले ग्रिनल्यान्ड डेनमार्ककै स्वशासित क्षेत्र भएको स्पष्ट गर्दै त्यहाँका जनताकै अधिकार सर्वोपरि हुने बताएका छन् ।

# ग्रीनल्यान्ड प्राप्त गर्न सैन्य र अन्य विकल्पबारे छलफल भइरहेको ह्वाइट हाउसको भनाइ

बीबीसी

काठमाण्डु । ग्रीनल्यान्डलाई संयुक्त राज्य अमेरिकाको स्वामित्वमा ल्याउन राष्ट्रपति डोनल्ड ट्रम्पले सैन्य परिचालनसहित "विभिन्न विकल्प"बारे छलफल गरिरहेको ह्वाइट हाउसले जनाएको छ।ह्वाइट हाउसले बीबीसीसँग ग्रीनल्यान्ड अधिग्रहण गर्नु "राष्ट्रिय सुरक्षाको प्राथमिकता" भएको बताएको हो। ग्रीनल्यान्ड नेटो सदस्य डेन्मार्कको अर्धस्वायत्त क्षेत्र हो।

विभिन्न युरोपेली राष्ट्रका नेताहरूले डेन्मार्कप्रति समर्थन व्यक्त गर्दै संयुक्त वक्तव्य जारी गरेको केही घण्टापछि ह्वाइट हाउसले ग्रीनल्यान्डबारे आफ्नो भनाइ सार्वजनिक गरेको हो। डेन्मार्कले आर्क्टिक क्षेत्रमा अवस्थित उक्त द्वीप हासिल गर्ने ट्रम्पको चाहनाको प्रतिवाद गर्दै आएको छ। अमेरिकाको सुरक्षाका लागि ग्रीनल्यान्ड "आवश्यकता" भएको ट्रम्पले गत सप्ताहान्तमा फेरि तर्क गरेका थिए। त्यसपछि डेन्मार्ककी प्रधानमन्त्री मेड्अ फ्रेदरि क्सनले अमेरिकाले आक्रमण गरेमा त्यसले उत्तर एट्लान्टिक सन्धि सङ्गठन (नेटो) को अन्त्य निम्त्याउने चेतावनी दिएकी थिइन्।

"राष्ट्रपति र उनको टोलीले महत्त्वपूर्ण परराष्ट्रनीतिको लक्ष्य हासिल गर्न थुप्रै विकल्पहरूमा छलफल गरिरहेका छन्। अमेरिकी सेनाको प्रयोग कमान्डर-इन-चीफको आदेशमा सधैँ एउटा विकल्प हो," ह्वाइट हाउसले मङ्गलवार भन्यो। नेटो एउटा ट्रान्स एट्लान्टिक सैन्य समूह हो जुन बाह्य आक्रमण भएको खण्डमा गठबन्धनका सदस्यहरू एक अर्काको सहयोगको लागि अघि बढ्ने अपेक्षा गरिन्छ ।


## ।। हार्दिक श्रद्धाञ्जली ।।



जन्म मिति
२००७/०३/१५

मृत्यु मिति
२०८२/०९/२१

**स्व. बेचन यादव**

हाम्रा सहकर्मी मित्र **सन्तोष यादव (सिरहा)का प्रातः स्मरणीय पुज्य पिता बेचन यादव**को ७५ वर्षको उमेरमा मिति २०८२/०९/२१ गते देहावसान भएको खबरले हामी अत्यन्त मर्माहत भएका छौ ।दिवंगत आत्माको भगवानले आफ्नो श्रीचरणमा स्थान प्रदान गरुन् भने हाम्रो कामना छ ।असिम शोकको घडीमा शोकाकुल परिवारजनमा माता जानकीले धैर्यधारण गर्ने शक्ती प्रदान गरुन् भने हार्दिक कामना गर्दछौ ।

**बृज कुमार यादव**
सम्पादक
एवं
जनकपुर टुडे मिडिया ग्रुप परिवार, जनकपुरधाम

# सहश्राव्दी पदमार्गमा पाइने चरा एउटै पुस्तकमा

गण्डकी । तनहुँको दुलेगौँडादेखि स्याङ्जाको रामबाछा जोडिने सहश्राब्दी पदमार्ग (मिलेनियम ट्रेक) मा पाइने चराहरू एउटै पुस्तकमा समेटिएका छन् ।

नेपाल पर्यटन बोर्डको प्रवर्द्धन एवं मिलेनियम ट्रेक व्यवस्थापन समितिको संयोजनमा पोखरा पंक्षी समाजले उक्त पुस्तक प्रकाशन गरेको हो । चराको पहिचान तथा तथ्याङ्क सङ्कलनका लागि उक्त क्षेत्रमा स्थलगत रुपमा दुई वर्षको अन्तरालमा विभिन्न चार चरणमा पोखरा पक्षी समाजका अध्यक्ष मनशान्त घिमिरे र सचिव हेमन्त ढकालले गर्नुभएको स्थलगत रुपमा अध्ययन अनुसन्धानपछि पुस्तक प्रकाशन गरिएको हो ।पुस्तकमा यहाँ पाइने चराहरूलाई सचित्र प्रस्तुत गरिएको पोखरा पंक्षी समाजका अध्यक्ष मनशान्त घिमिरेले जानकारी दिनुभयो । नेपालमा मात्रै पाइने चरा 'काँडे भ्याकुर' ठूलो सङ्ख्यामा पाइने यस पदमार्ग क्षेत्रमा तीन सय प्रजातिका चरा अभिलेख गरिएको उहाँले बताउनुभयो ।



तनहुँको दुलेगौँडाबाट स्याङ्जाको रामबाछा जोडिने ७२ किलोमिटर दूरीसहितको क्षेत्रफलमा समेटिएको यस पदमार्गको ५२ किलोमिटर क्षेत्र वनजङ्गलले ढाकिएको छ । जुनसुकै मौसमममा जुनसुकै उमेर समूहका व्यक्तिले पदयात्रा गर्न सक्ने यो पदमार्गका अधिकांश स्थानबाट धवलागिरि, अन्नपूर्णलगायतका हिमशृङ्खला एकसाथ अवलोकन गर्न सकिन्छ । वनजङ्गल, चराचुरुङ्गी आदिको अवलोकनले यहाँ आउने जो-कोहीलाई लोभ्याउने गरेको छ ।पदयात्रासँगै यस क्षेत्रमा चरा पर्यटनलाई सँगसँगै अघि बढाउने लक्ष्यका साथ पुस्तक प्रकाशन गरिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका महासचिव हर्क गुरुङले जानकारी दिनुभयो ।

यो पदमार्ग चरा पर्यटनको आकर्षक गन्तव्य बन्ने विश्वास लिइएको बताउँदै उहाँले पुस्तकले यहाँका चराहरूका बारेमा पयर्टकलाई धेरै कुरा जानकारी मिल्ने बताउनुभयो ।

नेपालमा मात्रै पाइने चरा काँडेभ्याकुर पदमार्ग क्षेत्रका अधिकांश स्थानमा पाइनु यहाँको अर्को विशिष्टता हो । स्थलगत अध्ययनअनुसार पदमार्ग क्षेत्रको तनहुँको प्रसिद्ध ढोरबाराही मन्दिरबाट रजस्थलसम्म ठूलो सङ्ख्यामा काँडेभ्याकुर भेटिएका छन् । पदमार्ग क्षेत्रकै कोल्माबाट भैसेगौँडा, बुढाकोट तलतिरको भागलगायतका विभिन्न स्थानमा ठूलो सङ्ख्यामा काँडे भ्याकुर पाइएका छन् । यस क्षेत्रमा काँडेभ्याकुरसँगै अन्य अति सङ्कटमा परेका केही चरा पाइएको उनले बताए । संरक्षणको सूचीमा रहेको लुइँचे, मांसाहारी प्रजातिका विभिन्न चरा यस पदमार्ग क्षेत्रमा भेटिएका छन् । सुन गिद्ध, डङ्गर गिद्ध, सेतो गिद्धलगायत गिद्धका साथै कोला चित्रा, आसकोटे बकुल्ला, वस्तु बकुल्ला पाइएको छ । त्यस्तै पौरी बाज, बौडाइ, कालो चिल, काकाकूल, शिक्रा, वनबाज, सिम कुखुरा, मलेवा, तामे ढुकुर, कुर्ले ढुकुर, पहाडी हलसो, चित्रकुट, कन्टे सुगा, मधुवा आदि चरा पर्यटकले देख्न सक्दछन् ।

त्यस्तै ढोडे गोकुल, हरित मालकौवा, बीउकुहियो, लेकाली उलुक, कटुसटाउेक मुरलीचरा, कुथुर्के, काष्ठकुट, सुनजुरे काठफोर, लटुशक विरहीचरी, सानो तामे लाहाँचे, आली चुइँया, कोटेरो मुनियाँ, पिराजा बुङ्गेलगायत प्रजातिका चराले यस पदमार्गको गरिमा अझै बढाएको छ ।स्थलगत अनुसन्धानसँगै यस पदमार्ग क्षेत्रलाई चरा अध्ययन केन्द्रका रूपमा विकास गर्न सकिने देखिएको मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य एवं मिलेनियम भैसेगौँडा सामुदायिक होमस्टेका अध्यक्ष बालकुमार गुरुङले बताउनुभयो । उहाँका अनुसार संरक्षणका क्षेत्रमा क्रियाशील प्रकृतिका साथीहरूको आयोजनामा सहस्राब्दी पदमार्गको राङ्भाङ भैसेगौँडामा केही वर्ष अघि लाटोकोसेरो तथा हुचिल उत्सव सम्पन्न गरिएको थियो ।

आफूहरू यस पदमार्गलाई केवल पदयात्राका लागि मात्रै नभएर चरा पर्यटनको पनि गन्तव्य बनाउन चाहेको बताउँदै उहाँले पदयात्रासँगै चराको अवलोकन गर्न आउने पर्यटकलाई लक्षित गरी पदयात्रा मार्गका विभिन्न स्थानमा घरवास सञ्चालनमा आइसकेको जानकारी दिनुभयो ।पछिल्ला वर्षमा प्रकृतिका साथीहरू संस्थाकै आयोजनामा उक्त क्षेत्रमा वार्षिकरूपमा विद्यार्थीलाई वन्यजन्तु अनुसन्धान विधि विषयक तालिमसमेत प्रदान गरिदै आइएको छ ।

शान्तस्थल, पर्याप्त वनजङ्गल आदिका कारण यस क्षेत्रमा धेरै प्रजातिका चरा पाइने स्थानीयवासी बताउँछन् । पछिल्ला समयमा पोखरा र आसपासका क्षेत्र चराको अध्ययन अवलोकनका लागि स्वदेशी एवं विदेशी पर्यटक आउने थालेका कारण मिलेनियम ट्रेकमा चरा पर्यटनको विकास गर्ने पर्याप्त सम्भावना रहेको उहाँको भनाइ छ ।मिलेनियम ट्रेकमा चरा पर्यटनको सम्भाव्यतालाई दृष्टिगत गरेर नै यहाँका चराहरूबारे खोज तथा अनुसन्धान गरी पुस्तक प्रकाशनका लागि पर्यटन बोर्डका तर्फबाट सहयोग गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले बताउनुभयो ।


"चरा हेर्न आउने पर्यटकहरू खर्चालुसमेत हुने र उनीहरूले चरा हेर्नकै लागि लामो समय समेत बिताउने गर्दछन्", उहाँले भन्नुभयो, "यस किसिमका पर्यटक भित्राउनका लागि चरा पर्यटनको विकास जरुरी छ ।" नेपालमा भित्रिने विदेशी पर्यटकमध्ये आठ प्रतिशत पर्यटक चरा हेर्नकै लागि आउने गरेको अध्ययनले देखाएको छ ।पर्यटनका विभिन्न विधामध्ये चरा पर्यटन महत्वपूर्ण विधा भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहन्छ । चरा पर्यटनका माध्यमबाट पर्यटकको आगमन र बसाइ अवधि लम्ब्याउन सकिने उहाँको भनाइ छ ।रासस

# तातोपानी र रसुवागढी नाका खुलेपछि कोरलाबाट आयात-निर्यात घट्यो

मुस्ताङ । यहाँस्थित (नेपाल-चीन) उत्तरी कोरलानाकाबाट आयात-निर्यात कारोबार न्यून हुँदै गएको छ । तातोपानी र रसुवागढी नाका हालै सञ्चालनमा आएसँगै कोरलानाकाबाट हुने आयात-निर्यात कारोबार न्यून हुँदै गएको मुस्ताङ भन्सार कार्यालयले जनाएको छ ।

पछिल्लो समय रसुवागढी र तातोपानी नाका खुलेपछि कोरलानाकास्थित चिनियाँ भन्सारमा नेपाल भित्रिने मालवाहक कन्टेनर न्यून भएको हो । सो कार्यालयका सूचना अधिकारी निमेन्द्र सिंहका अनुसार कोरलानाकाबाट नेपाल भित्रिएका मालवाहक कन्टेनर हाल भन्सार कार्यालयमा आठ-दशवटा मात्र जाँचपासका लागि 'पेन्डिङ'मा रहेका बताउनुभयो । भन्सार घटिसकेको सूचना अधिकारी सिंहको भनाइ छ । गत ३१ भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएको कोरलानाकाबाट भित्रिएका मालवस्तुको भन्सार जाँचपास हुँदा साढे पाँच अर्ब रुपैयाँ बढी राजस्व सङ्कलन भइसकेको छ । कोरलानाकाबाट हालसम्म ११ अर्ब बढीको मालवस्तु आयात भएको र नेपालबाट रु १९ करोड बढीको हस्तकला तथा नेपाली उत्पादन मालवस्तु चीनतर्फ निर्यात भएको उहाँको भनाइ छ ।

सूचना अधिकारी सिंहका अनुसार हालसम्म कोरलानाकाबाट दुई हजार १०० बढी विद्युतीय कार चीनबाट नेपाल भित्रिएका छन् । पछिल्लोपटक बिवाइडी कम्पनीले झन्डै ५०० बढी विद्युतीय कार कोरलानाकाबाट नेपाल भित्र्याएको



जाँचपासका लागि पेन्डिङमा रहेका कन्टेनरबाहेक कोरलानाकाबाट थप कन्टेनर भन्सार कार्यालयमा नआएको सूचना अधिकारी सिंहको भनाइ छ ।

यसअघि तातोपानी र रसुवागढी नाका नखुल्दा दैनिक १५-२० वटा मालवाहक कन्टेनरको भन्सार जाँचपास हुने गरेकामा हाल त्यो सङ्ख्या लगभग पूरै छ । कोरलानाकालाई वैकल्पिक नाकाका रूपमा प्रयोग ल्याएको र तातोपानी नाका र रसुवागढी नाका खुलेपछि यहाँ आयात-निर्यात कारोबार घटेपछि भन्सार कार्यालयका कर्मचारी फुर्सदिला भएका छन् । यो नाकाबाट सामान ढुवानी गर्दा आर्थिक भार बढ्ने भएकाले आयात-निर्यातको परिमाण न्यून भएको हो । रासस

# छुर्पीको निर्यात बढ्यो

झापा ।नेपालमा उत्पादित छुर्पीको निर्यात ३२ प्रतिशतले वृद्धि भएको मेची भन्सार कार्यालयले जनाएको छ । चालु आर्थिक वर्ष २०८२/८३ को पाँच महिनामा पूर्वीनाका काँकरभिट्टा हुँदै रु ४८ करोड ५२ लाख ७३ हजार मूल्यबराबरको दुई लाख ७५ हजार २४६ केजी छुर्पी निर्यात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईँले जानकारी दिनुभयो ।

गत आव २०८१/८२ को सोही अवधिको तुलनामा चालु आवमा ३२ प्रतिशतले निर्यात बढेको हो । गत आवको साउनदेखि मङ्सिरसम्ममा रु ३६ करोड ७६ लाख २३ हजार मूल्यबराबरको दुई लाख १७ हजार ६८ केजी छुर्पी निर्यात भएको उहाँले बताउनुभयो ।

गत आवको तुलनामा चालु आवमा छुर्पीको निर्यात रु ११ करोड ७६ लाख ५० हजारले बढेको जनाइएको छ । नेपाली छुर्पी निर्यात हुने मुख्य नाका नै काँकरभिट्टा हो । मेची भन्सारबाट निर्यात हुने प्रमुख १० मालवस्तुको सूचीमा छुर्पी चौथो स्थानमा छ ।पहाडी तथा हिमाली जिल्लामा दुग्धजन्य वस्तुबाट छुर्पी उत्पादन हुन्छ । निर्यात भएर अधिकांश छुर्पी युरोप र अमेरिका पुग्ने गरेको छ । ती मुलुकमा यसलाई कुकुर र बिरालोको खानाका रूपमा प्रयोग गर्छन् ।

नेपाल छुर्पी व्यवसायी सङ्घका महासचिव ऋषि तिम्सिनाले नेपालमा उत्पादन हुने छुर्पीको ८० प्रतिशत हिस्सा कोशी प्रदेशले ओगटेको बताउनुभयो ।रासस

# सङ्कटापन्न घडियालको प्राकृतिक बासस्थानमा जोगाउनै मुस्किल

नारायणगढ । गत पुस ३ गते चितवन राष्ट्रिय निकुञ्जअन्तर्गत सौराहा सेक्टर, रत्ननगर नगरपालिका-८ स्थित चित्रसारी पुल नजिक बूढीराप्ती खोलामा तियारी जालमा बेरिएको अवस्थामा अन्दाजी १० वर्षको अतिसङ्कटापन्न घडियाल गोहीलाई निकुञ्जको संरक्षण टोलीले सफलतापूर्वक उद्धार गरेको छ ।

नदीजन्य पारिस्थितिक प्रणालीको महत्त्वपूर्ण सूचक प्रजातिका रूपमा रहेको अतिसङ्कटापन्न घडियाल गोहीलाई असर पुग्नेगरी तियारी जाल प्रयोग गरी माछा मार्ने कार्य प्रचलित कानुनबमोजिम दण्डनीय अपराध भएता पनि बेलाबेला यस्ता घटना दोहोरिरहन्छन् । कतिपय अवस्थामा थाहा पाएर उद्धार हुने गरे पनि धेरै अवस्थामा सङ्कटापन्न घडियाल अकालमै ज्यान गुमाउने गरेका छन् । चितवन राष्ट्रिय निकुञ्जले घडियाल संरक्षणका लागि बेलाबेला अनुरोध गर्दै सचेतना फैलाउँदै आएको छ ।

नदीमा अनियन्त्रित रूपमा माछा मार्ने, बालुवा र गिट्टी उत्खनन, फोहर फाल्ने तथा अन्य प्रदूषणयुक्त गतिविधिले घडियालको प्राकृतिक बासस्थानमा थप चुनौती सृजना गरेको छ । शान्त स्वभावको यो सरिसृप प्राणीको मुख्य आहार माछा हो । हाल विशेषगरी चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएका राप्ती नदी र नारायणी नदी घडियालका प्रमुख प्राकृतिक बासस्थान हुन् । घडियाल गोही महाकाली, बबई, कर्णाली, कालीगण्डकी, सप्तकोशीलगायत नदीमा पाइन्छन् । तर पछिल्लो समय अन्य नदीमा घडियाल लोप हुँदै गएको छ । हाल राप्ती र नारायणी नदी किनारमा मात्र यसको बढी प्राकृतिक बासस्थान भेटिने गरेको छ । यहाँ बर्खामा बाढी आउँदा घडियाल बगेर भारततर्फ पुग्ने गर्दछ । बाँध तथा नदीको बहाव परिवर्तनका कारण पुनः फर्कने सम्भावना कम हुनुका साथै नदीमा हुने प्राकृतिक वातावरणीय परिवर्तनले पनि यसलाई असर पारेको छ ।

घडियाललाई घाम ताप्न आवश्यक पर्छ भने अण्डा पार्न नदीको समथर भाग आवश्यक हुन्छ । किनार नजिक खोलाको छेउतिर बालुवाको ढिस्को वा झाडी भएको स्थानमा यसले अण्डा पार्ने गर्दछ । यसको अण्डा कुखुराको अण्डाभन्दा ठूलो हुन्छ । प्रजननका क्रममा न्यून मात्रामा भाले जन्मने गर्छन् । फागुन-चैततिर पारेका अण्डा बालुवामुनि लुकाएको स्थानबाट मानिसहरूले झिकेर लाने तथा मासु र छालाका लागि गोही मार्नेजस्ता घटनाले घडियाल थप जोखिममा परेको बताइन्छ । घडियालका प्रमुख दुश्मन प्रदूषण र चोरीसिकार रहेको अधिकारीहरूको भनाइ छ । तापक्रमका आधारमा भाले-पोथी निर्धारण हुने भएकाले कम मात्रामा भाले जन्मने गर्दछ ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं संरक्षण अधिकृत अविनाश थापामगरले यस वर्ष मङ्सिरमा राप्ती र नारायणी नदीमा गरिएको अवलोकनका क्रममा नौवटा भाले घडियाल भेटिएको बताउनुभयो । अवलोकनका क्रममा अघिल्ला वर्षको तुलनामा बढी भाले भेटिनुले संरक्षणमा केही सफलता मिलेको उहाँको भनाइ छ ।

घडियाल तुलनात्मक रूपमा शान्त रहने र नदी तथा किनार छाडेर धेरै टाढा नजाने स्वभावको हुन्छ । घडियाल संरक्षण गर्ने उद्देश्यले सन् १९७८ देखि चितवन राष्ट्रिय निकुञ्जको कसरामा घडियाल गोही प्रजनन केन्द्र सञ्चालनमा छ । केन्द्रमा घडियालको संरक्षण तथा प्रजनन गर्दै आइएको छ ।



केन्द्रमा जन्मिएर हुर्काइएका घडियाललाई हरेक वर्ष प्राकृतिक बासस्थानमा छाड्ने गरिएको छ ।

पाँच वर्षसम्म संरक्षण केन्द्रमा राखी आफैँ आहार खोज्न र खान सक्ने अवस्थामा पुगेपछि घडियाललाई नदीमा छाड्ने गरिन्छ । प्राकृतिक बासस्थानबाट अण्डा सङ्कलन गरी केन्द्रमा ह्याचिङ गरिएका तीनदेखि पाँच वर्ष उमेर समूहका करिब १.५ मिटर लम्बाइ पुगेका घडियाल प्राकृतिक बासस्थानमा छोड्न योग्य हुने थापा बताउनुहुन्छ ।

विशेषगरी चैत-वैशाखमा नदी किनारमा घडियालले पारेका अण्डा सङ्कलन गरी प्रजनन गराउने गरिएको चितवन निकुञ्जको कसरामा रहेको घडियाल गोही प्रजनन केन्द्रकी प्रमुख सुजिता श्रेष्ठ बताउनुहुन्छ । नदी किनारका प्रायः पहरिला र घाम लाग्ने स्थानको बालुवा खोस्रेर एकपटकमा १५ देखि ६० वटासम्म अण्डा पार्ने र ती अण्डा सङ्कलन गरी केन्द्रको कृत्रिम ह्याचरीमा बच्चा उत्पादन गर्ने गरिएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले बेलाबेला यहाँ हुर्काएका घडियाल नदीमा छाड्ने गरेका छौँ । सोमबार कसरास्थित राप्ती नदीमा २० वटा घडियाल छाडियो । यो आर्थिक वर्षमा मात्र ५२ वटा घडियाल प्राकृतिक बासस्थानमा छोडिसकिएको छ ।"

कुन तापक्रममा ह्याच गरियो भन्ने आधारमा घडियालको लिङ्ग निर्धारण हुने उहाँको भनाइ छ । उहाँका अनुसार ३०-३२ डिग्री सेल्सियस तापक्रममा ह्याच गरिएका अण्डाबाट भाले घडियाल र कम तापक्रममा ह्याच गरिएका अण्डाबाट पोथी घडियाल जन्मिने गर्छन् । प्रजनन केन्द्रमा विभिन्न उमेर समूहका बच्चा घडियाललाई छुट्टाछुट्टै राख्ने गरिएको छ । केन्द्रमा बच्चा हुर्काउन सजिलो नहुने र बाँच्नेको सङ्ख्या कम हुने उहाँले बताउनुभयो ।

प्रजनन केन्द्रमा हुर्काइएका घडियाल सन् १९८१ देखि देशका विभिन्न नदीमा छाड्न थालिएको हो । निकुञ्जले प्राकृतिक वातावरण अनुकूल भएकाले बढी राप्ती र नारायणी नदीमा घडियाल छाड्दै आएको छ । साथै केन्द्रमा हुर्किएका घडियाल सप्तकोसी, बबई, कर्णाली र कालीगण्डकी नदीमा समेत छाडिएको छ । तर अवलोकनका क्रममा राप्ती र नारायणी नदी बढी उपयुक्त देखिएका छन् ।

प्रजनन केन्द्रमा हुर्काएर नदीमा छाडिएका घडियालमध्ये थोरैमात्र जीवित रहने गरेको पाइएको छ । नदीमा छाडिएका कतिपय घडियाल हराउने, केही बाढीले बगाएर भारततर्फ पुग्ने तथा केही विभिन्न कारणले मर्ने गरेका छन् । नदी प्रणालीमा रहेका घडियाल माछा मार्न प्रयोग हुने तियारी जालमा अल्झिएर मर्ने समस्या विकराल बन्दै गएको छ । निकुञ्ज र संरक्षणकर्मीले बर्सेनि जालमा बेरिएका घडियालको उद्धार गर्दै आएको श्रेष्ठले बताउनुभयो ।

यस वर्ष मङ्सिरमा गरिएको गोही गणना तथा अवलोकनका क्रममा राप्ती र नारायणी नदीमा जम्मा ३६६ वटा घडियाल भेटिएका छन् । तीमध्ये नौवटा भाले रहेका छन् । अघिल्ला वर्षको तुलनामा भाले घडियालको सङ्ख्या बढ्नु सकारात्मक सङ्केत भएको संरक्षण अधिकृत थापा बताउनुहुन्छ । थापाका अनुसार प्रजनन केन्द्रमा हुर्केका घडियाल हालसम्म देशका विभिन्न नदीमा गरी दुई हजार १४२ घडियाल छाडिएका छन् । गत आर्थिक वर्षमा विभिन्न नदीमा १३३ घडियाल छाडिएको थियो । नदीमा छाडिएका कतिपय घडियाल बाढीले बगाएर लैजाने भएकाले अपेक्षाकृत रूपमा सङ्ख्या बढ्न नसकेको उहाँको भनाइ छ ।

हाल प्रजनन केन्द्रमा ७१७ वटा घडियाल रहेका छन् । जसमध्ये ६५९ बच्चा, २८ अर्धबयस्क र ३० बयस्क छन् । केन्द्रमा हाल एउटा मात्र परिपक्व भाले घडियाल छ । गत वर्ष केन्द्रमा २३२ अण्डा सङ्कलन गरिएकामा २०२ अण्डा ह्याच भएका थिए । "अब भालेको सङ्ख्या बढाउने विषयमा छलफल भइरहेको छ । दिगो प्रजनन र सङ्ख्या वृद्धि आवश्यक छ", थापाले भन्नुभयो । केन्द्रको वातावरण जङ्गली अवस्थासँग पूर्ण रूपमा मेल नखाँदा प्राकृतिकजस्तो गुणस्तरीय अण्डा उत्पादनमा समस्या देखिने गरेको छ ।रासस

# ग्लोबल आइएमई बैंकको १९औँ वार्षिकोत्सवका अवसरमा १७५ कर्मचारीलाई सम्मान

**टुडे समाचारदाता**

काठमाण्डु । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो स्थापनाको १९औं वार्षिकोत्सवका अवसरमा बैंकमा १५ वर्ष सेवा पुरा गरेका १७५ कर्मचारीहरुलाई सम्मान गरेको छ ।

बैंकद्वारा आयोजित एक विशेष कार्यक्रमकाबीच ग्लोबल आइएमई बैंक तथा नेपाल उद्योग वाणिज्य महासघंका अध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यमा १५ वर्षदेखि निरन्तर बैंकमा सेवारत कर्मचारीहरुलाई सम्मान गरिएको हो ।

काठमाडौँमा आयोजित विशेष समारोहबिच बैंक सञ्चालक समितिका अध्यक्ष ढकाल लगायत सदस्यहरु राधेश पन्त, रामबहादुर भण्डारी, कृष्णप्रसाद शर्मा, मदनलाल जोशी र नारायणप्रसाद पौडेल, प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले संयुक्त रुपमा खादा र सम्मानपत्र प्रदान गरी कर्मचारीहरुलाई सम्मान गर्नुभएको हो ।

सम्मान समारोहमा सम्बोधन गर्दै अध्यक्ष




ढकालले ग्लोबल आइएमई बैंकले मर्जर र व्यवसाय विस्तारसँगै बैंकको गुणस्तर वृद्धिलाई ध्यानमा राखेर बैंकको सेवालाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउने बताउनुभयो ।

उहाँले १९ वर्ष पहिले १९औं वाणिज्य बैंकको रुपमा स्थापना भएको यस ग्लोबल आइएमई बैंकले स्थापनाको १९ वर्षमा नै आफूलाई अधिकांश वित्तीय सूचकहरुमा अब्बल बनाउन सफल रहेको बताउनुभयो ।

उहाँले बैंक वा कुनै पनि संस्था सफल हुनका पछाडि नेतृत्वका साथै सम्पूर्ण टिमको सहकार्य, मिहिनेत र लगनशिलताको उत्तिकै महत्व हुने बताउदै सम्पूर्ण कर्मचारीहरुलाई अझ लगनशिल भएर आफ्नो कर्तव्य पालना गर्न आग्रह गर्नुभयो ।

अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकलाई उत्कृष्ट बैंक बनाउन आफ्नो तर्फबाट पुऱ्याउनु भएको विशेष योगदानप्रति सबै कर्मचारीहरुलाई धन्यवाद समेत प्रकट गर्नुभयो ।

यसैगरी, बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले बैंकले आफ्नो सेवालाई नविनतम् तथा ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिनेगरी लक्ष्य निर्धारण गरेर अगाडि बढेको बताउनुभयो ।

बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले बैंकले आगामि वर्षहरुमा ग्राहकको सेवा र सन्तुष्टिलाई ध्यानमा राख्दै अझ गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ ।

ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

बैंकका ३५२ शाखा कार्यालय, ३८४ एटिएम, १५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसहित १,००० भन्दा बढी सेवा केन्द्रमार्फत ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आएको छ ।

## भूमि सुधार तथा मालपोत कार्यालय, गौर, रौतहट

## मोहियानी हक दावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही मानबहादुर रामदान, गन्जमान लुगेली, जितबहादुर घोले, किङगपाल पाखुरींग, जितबहादुर जीम्बा, लाल सिंह, गणेशमान जिम्वा (चन्द्रनिगाहपुर पंचायत वार्ड नं. ४) मरुवा/भगुवा मोही लगत कटा गरी पाउँ भनी ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनावाट सूचित गरिन्छ ।

**तपसिल**

| ज.ध. को नाम | ठेगाना | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल | मोही (मरुवा) |
|---|---|---|---|---|---|---|---|
| रामवहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २२८ | ०-०-५ | मानबहादुर रामदान |
| रामबहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २२७ | ०-०-४ | गन्जमान लुगेली |
| रामबहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २३० | ०-०-४ | गन्जमान लुगेली |
| रामवहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २२५ | ०-०-६ | जितबहादुर घोले |
| रामबहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २२४ | ०-०-४ | किङगपाल पाखुरींग |
| रामबहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २२९ | ०-०-५ | जितबहादुर जीम्बा |
| रामबहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २२३ | ०-०-४ | जितबहादुर जीम्वा |
| रामबहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २२६ | ०-०-६ | लाल सिंह |
| रामबहादुर चौहान | चन्द्रपुर न.पा. वडा नं. ३ | रौ. | च.पुर. | ४ | २२२ | ०-०-५ | गणेशमान जिम्वा |

# चिसोले राजमार्ग निर्माणमा असर

टुडे समाचारदाता

मलगंवा । अत्यधिक बढेको कठ्याङग्रिदो चिसोको असर पूर्वपश्चिम राजमार्ग निर्माणमा पनि परेको छ । कमला-ढल्केबर-पथलैया सडक योजना (पूर्वी खण्ड)अन्तर्गत सर्लाही, महोत्तरी र धनुषामा जारी चार लेन सडक निर्माणमा असर परेको हो ।

हुलाकी राजमार्ग आयोजना अन्तर्गत सर्लाहीको फूलजोर-बागमतीखण्ड हेर्ने इन्जिनियर रमेश पाण्डेले केही दिनदेखि बाक्लो मात्रामा हुस्सु लाग्ने र शीतलहर चल्ने भएर अत्यधिक चिसो बढ्दा कामदार जुटाउनै मुस्किल परेको बताए ।

चिसो असाध्य बढेदेखि काममा सुस्तता आएको इन्जिनियर पाण्डेको भनाइ छ । "चिसो धेरै हुँदा मजदुरलाई खटाउन समस्या परिरहेकाले काममा केही सुस्तता आएकै हो," उहाँले भन्नुभयो, "जे जति कामदार उपलब्ध छन उनीहरुले त काम गरिरहेकै छन् ।"

पूर्वपश्चिम राजमार्ग विस्तारको काममा अधिकांश स्थानीय मजदुर खटिएका छन् । अहिले तीनवटै जिल्लामा कलभर्ट र पुलको काम प्राथमिकताको साथ भइरहेको छ ।

सँगै रुख काट्ने काम पनि तीनवटै जिल्लामा जारी रहेको



कमला-ढल्केबर-पथलैया सडक योजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवम् इन्जिनियर रामटहल यादवले बताउनुभयो । कमला पुलदेखि पथलैया १३० किलोमिटर पूर्वपश्चिम राजमार्ग विस्तारअन्तर्गत अहिलेसम्म धनुषा, महोत्तरी र सर्लाहीमा मात्र ठेक्का भएर काम भइरहेको छ भने रौतहट र बारामा ठेक्का लाग्नै बाँकी छ ।

कमला पुलदेखि धनुषाको जमुनिवाससम्म पहिलो खण्ड, त्यहाँदेखि सर्लाहीको फूलजोरसम्म दोस्रो खण्ड र फूलजोरदेखि बागमतीसम्म तेस्रो खण्डमा तीन अलगअलग निर्माण कम्पनिसँग सम्झौता गरी धमाधम काम भइरहेको हो । आयोजना प्रमुख एवम् सिनियर डिभिजनल इन्जिनियर राजेशकुमार दासले चिसो अत्यधिक हुँदा जङ्गल क्षेत्रमा काम गर्न मुस्किल नै रहेको बताए ।

उनले बिजुलीको पोल सार्ने कामले समस्या थपिरहेको बताउनुभयो । "केही मात्रामा चिसोको असरले पनि काममा ढिलाइ भइरहेकै छ," आयोजना प्रमुख दासले भन्नुभयो, "त्यसैमा फेरि बिजुलीको पोल काम सार्ने काम साह्रै सुस्त हुँदा समस्या खेपिरहेका छौं ।"

बिजुलीको पोल सार्ने काम फटाफट गरिदिन आग्रह गर्दै नेपाल विद्युत प्राधिकरणको प्रादेशिक कार्यालय जनकपुरमा दिनैपिच्छेजसो धाइरहेको आयोजना प्रमुख दासको गुनासो छ । उहाँले पुरै भत्काएर नयाँ पुल बनाउनुपर्ने ठाउँमा बर्खाअघि नै पुल तथा कलभर्टको काम सक्न निर्माण व्यवसायीलाई घचघच्याइरहेको जानकारी दिए ।

सडक विभागले विश्व बैंकको ऋण सहयोगमा दुई लेनको पूर्वपश्चिम राजमार्गलाई विस्तार गरेर बजार क्षेत्रमा छ लेनसहित ३१ मिटर र अन्य ठाउँमा चार लेनसहित १८ मिटर चौडाइ गर्ने काम गरिरहेको हो । राजमार्ग विस्तारअन्तर्गत सर्लाही र रौतहटको सीमामा पर्ने बागमती नदीमा सिग्नेचर पुल बन्ने छ भने मुख्य बजारहरुमा 'ओभरपास' (ललितपुरको ग्वार्कोमा झैं) समेत निर्माण हुने छन् ।

# गृहमन्त्रीसँग साम्प्रदायिकता बारे छलफल

टुडे समाचारदाता

जनकपुरधाम । तराई मधेशका केही जिल्लामा बढेको साम्प्रदायिक असहिष्णुता बारे गृहमन्त्री ओमप्रकाश अर्यालले मधेशी आयोग र मुस्लिम आयोगका पदाधिकारीहरुसँग भेटघाटको क्रममा छलफल गरेका छन् ।

ललितपुर जावलाखेलमा रहेको मुस्लिम आयोगमा आयोगका कार्यवाहक अध्यक्ष महमदिन अलि तथा आयोगका अन्य पदाधिकारीहरुले र मधेशी आयोग ज्वागलमा आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह तथा आयोगका अन्य पदाधिकारीहरुले मन्त्री अर्याललाई स्वागत गरेका थिए ।

पछिल्ला दिनमा तराई मधेशका केही जिल्लामा सतहमा आएका साम्प्रदायीक असहिष्णुताका घटनाक्रमबारे छलफल भएको मधेशी आयोगका कार्यवाहक अध्यक्ष जीवछ साह बताएका छन् । त्यस्तै, संविधानले संवैधानिक निकायको रुपमा व्यवस्था गरेका दुवै आयोगहरुको काम, कर्तव्य, अधिकार, आयोगले भोगीरहेका समस्या तथा सरकारसँग आयोगका अपेक्षा लगायतका विषयमा पनि आयोगका पदाधिकारीहरुले मन्त्री अर्याललाई जानकारी गराएको उनले बताए ।

छलफलको क्रममा मन्त्री अर्यालले धार्मिक सम्प्रदायबीच आपसी सद्भाव कायम गर्न मधेशी, थारु र मुस्लिम आयोगबाट जारी भएको संयुक्त अपिलको खुलेर प्रशंसा गरे । नागरिक समाजको पनि नागरिक समाजको रुपमा रहेका आयोगहरु




तथा सबैको सहयोगमा पछिल्ला दिनमा देखिएका त्यस्ता समस्याहरु समाधान उन्मुख भएको भन्दै मन्त्री अर्यालले त्यस्ता घटना दोहोरिन नदिन तथा समाजमा शान्ति तथा सद्भाव कायम राख्ने सम्बन्धमा सबैको सकारात्मक भूमिकको अपेक्षा राखे ।

यस्तै, पछिल्ला घटनाक्रमलाई समयमै सम्बोधन गरी सामाजिक सद्भाव कायम राख्ने सम्बन्धमा गृह मन्त्रालयले सक्रियता देखाई अवैध गतिविधिमा संलग्नलाई कारबाही, सरोकारवालासँग समन्वय बैठक, सद्भाव र्‍याली, जाँच कडाइ, र शान्ति तथा सामाजिक सद्भाव समिति गठनलगायतका कार्यहरु गर्न गृह मन्त्रालयद्वारा ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई जारी गरीएको सर्कुलरको आयोगका पदाधिकारीहरुले स्वागत गरेका थिए ।

गृहमन्त्री अर्यालले आयोगलाई आवश्यक सहयोग गर्न सरकार सधैं तत्पर रहेको विश्वास दिलाउँदै कतिपय विषयहरुमा आयोगका तर्फबाट आवश्यकता अनुसार नेपाल सरकारलाई ध्यानाकर्षण तथा सल्लाह, सुझावको अपेक्षासमेत राखे ।

धार्मिक तथा सामाजिक सहिष्णुता खल्बल्याउन खोज्ने वा खल्बल्याउने जोसुकै उपर कानुन बमोजिम कारबाही हुने बताउँदै मन्त्री अर्यालले विवेकको संरक्षकको रुपमा रहेका आयोगहरुले धार्मिक तथा सामाजिक सहिष्णुता कायम राख्ने सन्दर्भमा जनचेतना फैलाउने लगायतका कार्यहरु गरी यस्ता समस्याको दीर्घकालीन समाधानको लागि आयोगको तर्फबाट आवश्यक कार्यक्रमहरु गर्न अनुरोध समेत गरेका थिए ।

# गाउँपालिका अध्यक्षविरुद्ध भ्रष्टाचार मुद्दा

टुडे समाचारदाता

वीरगञ्ज । पर्साको छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज कुमार विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार मुद्दा दायर भएको छ ।

आयोगले बुधबार उनीविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार सहितको आरोपपत्र दायर गरेको हो । आयोगले उनीसँगै गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्र प्रसाद साह र तत्कालीन लेखापाल सञ्जय पटेलविरुद्ध पनि मुद्दा दायर गरेको छ ।

यसैगरी, विज्ञापन एजेन्सी केएस मल्टिपर्पोज




प्रालि वीरगञ्ज, पर्सा तथा उक्त कम्पनीका सञ्चालक कमल कुमार उपाध्यायविरुद्ध पनि भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिए ।

गाउँपालिकाका कर्मचारी र निर्माण व्यवसायीको मिलेमतोमा बोलपत्र आह्वान सम्बन्धी सूचना सौर्य दैनिक पत्रिकामा प्रकाशन गरेको भनिए पनि सूचना प्रकाशन नगरी मिलेमतो गरेको आयोगले जनाएको छ ।

# फरार प्रतिवादी पक्राउ




टुडे समाचारदाता

गौर । प्रहरी कारबाहीका क्रममा बारा प्रहरीले अदालतबाट दण्ड सजाय तोकिएर फरार रहेका तथा चालु मुद्दाका पाँचजना अभियुक्तलाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय बारा मातहतका विभिन्न प्रहरी इकाइबाट खटिएको टोलीले सम्मानित बारा जिल्ला अदालत, कलैयाबाट सजाय पाएका तथा विभिन्न मुद्दामा वारदातपछि फरार रहेका व्यक्तिहरूलाई खोजतलासका क्रममा लुकिछिपी बसेको अवस्थाबाट हिजो मंगलवार पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा निजगढ नगरपालिका-२ सिंगोलका ३० वर्षीय गोपाल श्रेष्ठ रहेका छन्। उनलाई लागूऔषध मुद्दामा २ वर्ष कैद र १ लाख रुपैयाँ जरिवाना तोकिएको थियो। उनीलाई इलाका प्रहरी कार्यालय निजगढले पक्राउ गरेको जनाएको छ।

त्यसैगरी कोल्हवी नगरपालिका-६ प्रसौनाका २३ वर्षीय बच्चा बाबु चौधरी पनि पक्राउ परेका छन्। उनलाई लागूऔषध मुद्दामा १ महिना कैद सजाय तोकिएको थियो। चौधरीलाई इलाका प्रहरी कार्यालय सिहोर्वाले पक्राउ गरेको हो ।

त्यस्तै कोल्हबी नगरपालिका-८ नया बस्तीका ४५ वर्षीय भक्त बहादुर लामा चोरी मुद्दामा २ महिना कैद र २० हजार रुपैयाँ जरिवाना तोकिएपछि फरार थिए। उनलाई प्रहरी चौकी मधुवनले पक्राउ गरेको प्रहरीले जनाएको छ ।

यसैबीच चालु मुद्दामा फरार रहेका फेटा गाउँपालिका-३ का २३ वर्षीय लालु मुखिया विन (ज्यान मार्ने उद्योग मुद्दा) र कलैया उपमहानगरपालिका-१४ बखवनका ३४ वर्षीय जितेन्द्र साह सोनार (बैंकिङ कसुर मुद्दा) मा पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी विजयराज पण्डितले जानकारी दिएका छन् ।

पक्राउ परेका व्यक्तिहरूमाथि आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# क्याम्पस प्रमुखद्वारा कारवाहीको चेतावनी

टुडे समाचारदाता

जनकपुरधाम । परीक्षा प्रविधि (अनलाईन फाराम एडमिन) दुरुपयोग गर्नेलाई पहिचान गरी कारवाही गर्ने जनकपुरधामस्थित राराब क्याम्पसका क्याम्पस प्रमुख डा. बसन्त लाल कर्णले चेतावनी दिएका छन् ।

क्याम्पस अगाडीकै एक पसलमा कलेजको एडमिन दुरुपयोग भएको भिडियो सार्वजनिक भएपछि क्याम्पस चिफ डा. कर्णले दोषीलाई पहिचान गरी कारवाही गर्ने बताएका छन् ।

प्रमुख डा. कर्णले राराब क्याम्पसको परीक्षासम्बन्धी भ्रामक सूचना फैलिएको भन्दै प्रशासनको ध्यानाकर्षण भएको भनी एक सूचना जारी गरी जनाएको छ । क्याम्पस प्रशासनले यसप्रति एक्सन लिएको क्याम्पस चिफ कर्णद्वारा जारी गरिएको सूचनामा उल्लेख छ ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गत रहेको रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, जनकपुरधामको नाम जोडेर विभिन्न सामाजिक सञ्जालमार्फत भ्रामक सूचना प्रवाह गरिएको भन्दै क्याम्पस प्रशासनले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

क्याम्पसद्वारा जारी सूचनाअनुसार २०८२ पुस २२ गतेदेखि सामाजिक सञ्जालमा




क्याम्पसका कर्मचारीमाथि दुर्व्यवहार तथा अपमानजनक शब्द प्रयोग गरिएको र यसले क्याम्पसको शान्तिपूर्ण परीक्षा सञ्चालन प्रक्रियालाई प्रभावित पार्ने प्रयास गरिएको छ । यस विषयलाई क्याम्पस प्रशासनले गम्भीर रूपमा लिँदै सम्बन्धित सबै पक्षसँग सत्य तथ्यको आधारमा अध्ययन गरिने जनाएको छ ।

हाल सूचना प्रविधि शाखा अन्तर्गतका एक कर्मचारीमाथि आधारहीन आरोप लगाइएको भन्दै प्रशासनले त्यसप्रति आपत्ति जनाएको छ । सूचनामा उल्लेख भएअनुसार उक्त कर्मचारीको जिम्मामा रहेको युपिएस प्रणालीमा समस्या देखिएपछि सो प्रणाली तत्काल मर्मतका लागि अर्को प्राविधिक कर्मचारीलाई जिम्मा दिइएको थियो ।

क्याम्पस प्रशासनले त्रिभुवन विश्वविद्यालयको केन्द्रीय कार्यालयसँग समन्वय गरी आवश्यक सुधार प्रक्रिया अघि बढाइने स्पष्ट पारेको छ । साथै, सूचना प्रविधि क्षेत्रमा बेला-बेला देखिने प्राविधिक समस्याका कारण परीक्षा सञ्चालनका क्रममा उत्पन्न शंकाहरूको सत्यतथ्य पत्ता लगाउन त्रिवि परीक्षा नियन्त्रण कार्यालय, सूचना तथा प्रविधि शाखा र सम्बन्धित निकायसँग समन्वय गरी अनुसन्धान गरिने सूचनामा भनिएको छ ।

प्रमुख कर्णद्वारा हस्ताक्षरित सो सूचनामा दोषी जो कोही ठहर भएमा प्रचलित नियमअनुसार कारबाही गरिने चेतावनी समेत दिइएको छ । प्रशासनले भ्रामक र अपुष्ट सूचना नफैलाउन तथा आधिकारिक सूचनामात्र विश्वास गर्न सबै सरोकारवालालाई आग्रह पनि गरेको छ ।

# बजार बन्द गराउनेहरु पक्राउ

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको मलंगवा बजार बन्द गराउँदै हिँडेका ६ जनालाई सर्लाही प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकाहरुसँग के कति कारण बजार बन्द गराउन खोजेको विषयमा सोधपुछ जारी रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

बुधबार बिहान मलंगवा बजार बन्द गराउँदै हिँडेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी सर्लाहीका प्रवक्ता एवं डीएसपी सरोजकुमार राईले बताए । 'बजार बन्द गराउने क्रममा पक्राउ परेकाहरूसँग सोधपुछ गरिरहेका छौं,' उनले भने, 'बिहान केहीबेर तनाव जस्तै भए पनि अहिले अवस्था सामान्य छ ।' प्रहरीले पक्राउ परेकाहरूको नाम सार्वजनिक गरेको छैन ।

मलंगवाको बजार आंशिक खुले पनि अधिकांश व्यापारीले बन्द गरेका छन् । मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरका प्रमुख डीआईजी गोविन्द थपलियाले मलंगवामा बिहान बजार बन्द गराउँदै हिँडेकाहरू पक्राउ परे पनि अन्य जिल्ला शान्त रहेको बताए ।

# साहलाई आर्थिक सहयोग

टुडे समाचारदाता

लहान । एमबीबीएसमा पूर्ण छात्रवृत्तिमा नाम निकालेका सिरहा मिर्चैयाका राजनारायण महतोलाई आर्थिक सहयोग गरिएको छ । सुडी समाज, मिर्चैयाले आर्थिक विपन्नताका बीच नाम निकाल्न सफल भएको भन्दै राजनारायणलाई मंगलबार आर्थिक सहयोग गरेको हो ।

त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल, महाराजगन्जमा भर्ना भएका साह पहिलो प्रयासमै एमबीबीएसमा पूर्ण छात्रवृत्तिमै नाम निकाल्न सफल भएका हुन् । उनले २०७९ सालमा एसईई र २०८२ मा कक्षा १२ उत्तीर्ण गरेका थिए ।

राजनारायणका जेठो दाजु राजु महतो पनि पूर्ण छात्रवृत्तिमै



राजनारायणलाई मिर्चैया नगरपालिका-६ मटियर्वास्थित सुडी समाज धर्मशालामा एक कार्यक्रम आयोजना गरी ५१ हजार रुपैयाँ आर्थिक सहयोगसहित सम्मान गरेको स्थानीय अगुवा राजकिशोर साहले बताए । एमबीबीएस अध्ययनरत छन् । आठ वर्षअघि क्यान्सरका कारण बुवा गुमाएका उनीहरूलाई आमा रेखा पंजियारले गाउँमै किराना पसल संचालन गरी परिवारको गुजारा गर्दै दुवै छोरालाई पढाएकी हुन् ।

# पल्सर स्पोर्टसको अवार्ड महतोलाई




टुडे समाचारदाता

जनकपुरधाम । महोत्तरी जिल्ला निवासी राष्ट्रिय महिला टोलीकी उप-कप्तान पूजा महतो एनएसजेएफ पल्सर स्पोर्टस अवार्डको २२ औं संस्करणमा वर्षको सर्वोत्कृष्ट युवा खेलाडीको अवार्ड जित्न सफल भएकी छिन ।

नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ)द्वारा प्रदान गरिने सो अवाडै राष्ट्रिय महिला टोलीकी उप-कप्तान पूजाले एथलेटिक्सका अजय विक, कराँतेकी अञ्जली महर्जन, बक्सिङकी स्वस्तिका तिरुवा र फुटबलका समीर तामाङलाई पछि पार्दै हात पारेकी हुन् ।

पूजाले कप्तानको भूमिकामा नेपाली यू-१९ महिला टोलीलाई इतिहासमै पहिलो पटक महिला विश्वकपमा छनोट गराएकी थिइन् । उनी छनोट खेलमा कूल दुई सय ७२ रन प्रहार गर्दै सर्वाधिक रनकर्ता बनेकी थिइन् ।

पूजाले उक्त प्रतियोगितामा १० विकेट पनि लिएकी थिइन् । उनले कुवेतविरुद्ध अविजित एक सय ३० रनको शतकीय पाली खेलेकी थिइन् । उनी एसीसी महिला यू-१९ एसिया कप-२०२४ मा पाकिस्तानलाई ६ विकेटले हराउँदै इतिहास रच्ने टोलीकी कप्तान पनि हुन् ।







जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८